# सौर्य दैनिक
SOURYA NATIONAL DAILY

वर्ष ८ | अंक ३४२ | सोमबार, २७ माघ २०७६ | Monday, 10 February 2020 | www.souryadaily.com | पृष्ठ : ८ | मूल्य रू. ५







भ्रष्टाचार मुद्दामा कांग्रेस नीति

# संवैधानिक निकाय तर्साउँदै !



■ सौर्य समाचार

काठमाडौं । प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस अहिले एउटा भ्रष्टाचारको मुद्दालाई लिएर संसद् र सडक तताउने प्रयासमा लागेको छ । सरकारको आग्रहमा चर्चित बालुवाटारस्थित ललिता निवास जग्गा प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गरेर पूर्वमन्त्रीदेखि सचिव हुँदै मालपोतका कर्मचारीविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको छ ।

मुद्दा दर्ता गर्दा अख्तियारले तत्कालीन भौतिक योजनामन्त्री रहेका नेपाली कांग्रेसका उपसभापति एंव संसदीय दलका उपनेता विजयकुमार गच्छदार पनि परे । सोही विषयलाई लिएर कांग्रेस अहिले जनताको सबैभन्दा उच्च प्रतिनिधिस्थल संसद्लाई बन्धक बनाउन थालेको छ । संवैधानिक निकाय अख्तियारलाई दिएको अधिकारमाथि धावा बोल्दै संविधान विपरीत संसद् लगातार तेस्रोपटक अवरुद्ध गरेको छ । संविधानको धारा १०५ ले अदालतको विषय संसद्मा उठाउन नपाइने स्पष्टरूपमा लेखिएको छ । 'नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाहरूका सम्बन्धमा न्याय निरूपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संघीय संसद्को कुनै सदनमा छलफल गरिने छैन', भनेर लेखिएको छ । तर, कांग्रेसले सो मुद्दा फिर्ता लिनका लागि संवैधानिक निकाय र अदालतलाई नेताका पक्षमा फैसला गर्न नैतिक दबाब श्रृजना गर्नेगरी अवरुद्ध पारिरहेको छ ।

कांग्रेसले संसद्मा मात्रै होइन्, प्रदेश सभासमेत अवरुद्ध पार्न थालेको छ । प्रदेश-१ को प्रदेशसभाको आइतबारको बैठक पनि कांग्रेसले गच्छदारको समर्थन गर्दै अवरुद्ध गरेको हो । माउ पार्टी मात्र नभई आफ्ना भ्रातृ संगठनलाई सडकमा उतारेर अख्तियारलाई आफ्ना नेतामाथि किन भ्रष्टाचारको मुद्दा लगाएको भन्दै उफ्रिन थालेका छन् । संसद्को कार्यक्षेत्र भित्र नै नपर्ने विषय विपक्षी कांग्रेसले लगातार उठाउँदै अवरुद्ध बनाएको छ ।

कांग्रेसले संसद्बाट स्पष्ट भनेको छ, 'अख्तियार दुरूपयोग अनुसन्धान आयोग सरकारको इशारामा चल्यो, हाम्रा नेतालाई मात्र छानीछानी भ्रष्टाचारको मुद्दा चलायो ।' यद्यपि संसद् चल्न नदिएर कांग्रेसले के माग राख्यो भनेर अहिलेसम्म भन्न सकेको छैन । मुद्दा फिर्ता लिने हो ? वा होइन ? भनेर अहिलेसम्म कांग्रेसका नेताहरूले मुख खोलेका छैनन् । उनीहरू केवल गच्छदारविरुद्धको

बाँकी पृष्ठ २

## 'अदालतको क्षेत्राधिकारभित्र प्रवेश गर्न मिल्दैन'



अदालतमा प्रवेश गरिसकेको विषय संसद्मा उठाउन नपाइने संवैधानिक व्यवस्था छ । तर, अहिले अदालत प्रवेश गरिसकेको भ्रष्टाचारको मुद्दालाई कांग्रेसले आइतबारको बैठक पनि अवरुद्ध गरेपछि सभामुख अग्नि सापकोटाले कांग्रेसका सांसद्लाई बोल्न दिएनन् ।

यसअघिका दुई बैठकमा कांग्रेस सांसदहरू पुष्पा भूषाल र मीनबहादुर विश्वकर्मालाई बोल्न दिएका सभामुख सापकोटाले आइतबारको बैठकमा प्रमुख प्रतिपक्षीका लागि बोल्न माइकसमेत नखोलिएका हुन् । उनले संसद्मा जारी अवरोधलाई नेपालीले मात्रै नभई अन्तर्राष्ट्रिय समुदायले पनि हेरिरहेको बताए । 'सदनको गतिविधि अन्तर्राष्ट्रिय समुदायले पनि हेरिरहेको छ', उनले भने, 'मैले तपाईंहरूका कुरा शालिनतापूर्वक सुनिसकेको छु, सबै कुरा यहाँहरूले राखिसक्नु भएको छ । त्यसैले संसद्को गतिविधि नरोकिदिनुस्, छलफल अघि बढ्ने वातावरण बनाइदिनुस् ।' कांग्रेस सांसदले बोल्न खोज्दा माइक नखोलेका सभामुखले यसअघिका दुई बैठकमा सबै कुरा सुनिसकेको बताउँदै संवैधानिक निकायले चलाएको मुद्दा अदालतमा गइसकेकाले प्रतीक्षा गर्न सभामुखले सुझाएका हुन् ।

'संवैधानिक आयोगले निर्णय गरेर अदालतमा गइसकेको विषय यहाँबाट निरूपण हुन सक्दैन भन्ने तपाईंहरूलाई पनि थाहा छ', सापकोटाले भने, 'तपाईंहरूले २ दिनसम्म अवरोध गरेर आफ्ना कुरा राखिसक्नु भएको छ । त्यसको सन्देश गइसकेको छ । तपाईंहरूले

बाँकी पृष्ठ २

अस्वस्थकाबीच प्रधानमन्त्रीले भने

# 'विकासका काम सन्तोषजनक भएन'

■ सौर्य समाचार

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यमा समस्या देखिएको छ । मिर्गौला प्रत्यारोपणको तयारीमा रहेको उनमा केही समस्या देखा परेको हो । शनिबारमात्र डायलासिस गरेका प्रधानमन्त्रीमा आइतबार थकान, सामान्य रुघाखोकी र ज्वरोजस्ता समस्या देखिएको स्रोतले बताएको छ ।

चिकित्सकहरू भने डायलासिस गरेको मान्छेमा त्यस्ता समस्या देखिनु सामान्य भएको बताउँछन् । तर, अस्वस्थयताकाबीच प्रधानमन्त्री ओली आइतबार कार्यक्रममा सहभागी भएका छन् । पार्टीको सचिवालय बैठक स्थगित गरेका प्रधानमन्त्रीले 'योजना बैंक'को उद्घाटन कार्यक्रममा भने सहभागी भए । निकै छोटो सम्बोधन गरेको उनले सरकारका निकायले गरेका कामबाट आफू खुसी नभएको स्पष्ट शब्दमा भनेका छन् । प्रधानमन्त्रीले सोचे अनुसार विकास गति अघि बढ्न नसकेको बताए । आयोजना कार्यान्वयनको गति सुस्त भएको, विकास खर्च हुन नसकेको प्रधानमन्त्रीको भनाइ थियो । 'उपलब्धि हुँदै नभएको होइन तर, सन्तोषजनक छैन', प्रधानमन्त्री ओलीले भने ।

सातै प्रदेशका मुख्यमन्त्रीहरू पनि सहभागी हुने उक्त बैठकमा प्रधानमन्त्रीले आफ्नै नेतृत्वको सरकारको कामबाट जनताले पाउने जति लाभ पाउन नसकेको दुःखेसो गरे । 'काममा अत्यन्तै ढिलासुस्ती भयो । वैदेसिक लगानीका आयोजनाको काम पनि तीव्र गतिमा हुन सकेन', उनले भने, 'अपेक्षित विकास योजना पनि समयमा नसकिँदा जनताले पाउनुपर्ने लाभ पनि पाउन समस्या भयो ।' प्रधानमन्त्री ओलीले विकासको गतिमा पनि तीव्र असन्तुष्टि जनाए । 'जुन गतिले विकास गर्नुपर्ने थियो त्यो गति हामीले पक्रन सकेका छैनौँ', उनले अगाडि भने, 'केही उपलब्धि भएका छन् तर सन्तोषजनक भएका छैनन् ।' सम्बोधनका क्रममा प्रधानमन्त्री ओलीले तीनै तहका सरकारको कार्यशैलीमा परिवर्तनको खाँचो रहेको औँल्याए । उनले विकासलाई गति दिन सरकारले अहिलेको कार्यशैली फेर्नुपर्ने बताउँदै जनताले बढीभन्दा बढी लाभ लिन सक्ने अवस्था बनाउन पनि उपस्थित सहभागीलाई आग्रह गरे ।

राष्ट्रिय योजना आयोगले योजना बैंक सुरू गरी बैंकमा राखिएको आयोजनालाई मात्रै बजेट समावेश गर्ने तयारी गरेको छ । योजना बैंक राष्ट्रिय योजना आयोगअन्तर्गत रहने व्यवस्था छ । राष्ट्रिय विकास समस्या समाधान समितिको



४७औँ बैठकको क्रममा प्रधानमन्त्रीले योजना बैंकको औपचारिक शुभारम्भ गरेका हुन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनले योजना बैंकको व्यवस्था गरेको छ ।

उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलले बाँकी सम्बोधन गर्ने भन्दै प्रधानमन्त्री ओली बैठकबाट बाहिरिएका थिए । राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक शिवरञ्जन पौडेलले आयोगले निर्देशिकामार्फत आयोजना पहिचान, कार्यान्वय र अनुगमनको प्रभावकारी व्यवस्था

बाँकी पृष्ठ २

# चीनबाट नागरिक फिर्ता ल्याउन समस्या !



■ सौर्य समाचार

काठमाडौं । चीनमा रहेका नेपालीलाई यसै साताको अन्तिममा मात्र नेपाल ल्याइने भएको छ। त्यहाँ रहेकाबाट नेपालमा संक्रमण सर्न सक्ने आशंकाबीच सरकारले आवश्यक सावधानी अपनाउन खोजेका कारण ढिलाई रहेको सरकारी स्रोतले जानकारी दिएको छ । हतारमा उद्धार गरेर ल्याउँदा नेपालमा पनि जोखिम बढ्न सक्ने सुझाव सरकारलाई चिकित्सकले दिएपछि आवश्यक तयारी गरेर मात्र ल्याउन लागिएको हो ।

चिनले पनि नेपालीको स्वास्थ्य अवस्था पहिला जस्तो थियो, उद्धार गरेर ल्याउँदासम्म त्यस्तै रहने आश्वस्त पारेपछि नेपाल आवश्यक तयारीमा जुटेको छ। सरकारका एक उच्च अधिकारीका अनुसार उनीहरूलाई राख्ने व्यवस्था मिलाई सक्ने र त्यस लगत्तै मध्य चीनको वुहान र वरपरका नगरमा रहेका १८० जना नेपालीलाई ल्याइने बताए । उनका अनुसार तयारीसक्न बुधबारसम्मको समय लाग्नेछ । 'नेपाल ल्याएर मात्र हुँदैन, उनीहरूमा संक्रमण छ कि छैन भनेर निकै संवेदनशील कक्षमा राखेर निगरानी गर्नुपर्छ', ती अधिकारीले भने, 'त्यो तयारी गर्न समय लागेकाले उद्धारमा ढिलाई भइरहेको हो ।'

चीनमा रहेका नेपालीका आफन्तले भने तत्काल उनीहरूलाई उद्धार गरेर ल्याउन भन्दै दिनदिनै छटपटि गरिरहेका छन् । तर, सरकारले उनीहरूलाई सो विषयमा खुलेर भन्न पनि सकेको छैन । जसका कारण समस्या

बाँकी पृष्ठ २


vianet | अब सबै connected

ISO 9001:2015 Certified



Upgrade to vianet

अब Vianet को अपग्रेडसँग वार्षिक ग्राहकहरुले रु. १५०० को उत्कृष्ट छुट सहित अनुभव गर्नुहोस् super-fast internet र 230 भन्दा बढी Channel भएको NetTV Combo Pack. साथै पाउनुहोस् Ultraboost, Viasecure, Viashop र Service Assurance जस्ता उत्कृष्ट features!

30 Mbps Rs. 13,500* per year with NetTv

40 Mbps Rs. 15,300* per year with NetTv

60 Mbps Rs. 19,140* per year with NetTv

*Conditions apply

Included features

NetTv — 230+ HD Channels

Ultraboost — 100mbps Boost for Speedy Work

viasecure — Child Safety for Safer browsing

Upcoming Feature: viashop — Exclusive Discount on Various Retail Outlets

Call to upgrade 01-5970444, 9801046410

sales@vianet.com.np | www.vianet.com.np | vianetnepal | vianetftth

Available in Kathmandu, Lalitpur, Bhaktapur, Banepa, Birgunj, Butwal, Bhairahawa, Biratnagar, Itahari, Chitwan, Tandi, Hetauda, Pokhara, Lekhnath, Dadeldhura, Dhangadhi and Darchula.

Service Assurance within 24 hr

# ६ महिनामा २० हजार चालक कारबाहीमा

■ सौर्य समाचार

काठमाडौं । महानगरीय ट्राफिक प्रहरी महाशाखाले चालु वर्षको ६ महिनामा ट्राफिक नियम उल्लंघन गर्ने २० हजार ४ सय ३३ जना कारबाहीमा परेका छन् । जथाभावी पार्किङ गर्ने, सवारी मोडने, ढोका खुला राख्ने, एकतर्फी बाटोमा सवारी प्रवेश गराउने, हर्न बजाउने, लेन अनुशासन पालन नगर्ने लायतका सवारीचालकलाई कारबाही गरिएको महाशाखाले जनाएको छ ।

महाशाखाले आइतबार राजधानीमा पत्रकार सम्मेलन गरी साउन यता २० हजार ४ सय ३३ जना सवारी चालकहरूलाई कारबाही गरेको जनाएको हो । महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालका अनुसार जथाभावी पार्किङ गर्ने, सवारी मोडने, ढोका खुला राख्ने, एकतर्फी बाटोमा सवारी प्रवेश गराउने, हर्न बजाउने, लेन अनुशासन पालन नगर्नेलाई कारबाही गरिएको छ ।

पुस १ गतेदखि सञ्चालन गरिएको ट्राफिक उज्यालो कार्यक्रमअन्तर्गत ८१ हजार २ सय ८९ जनालाई ट्राफिक नियम, सडक अनुशासन र सडक सचेतनालगायतका विषयमा शिक्षा दिएको समेत बताए । उनले ट्राफिक उज्यालो कार्यक्रमअन्तर्गत ४५ हजार १४७ जना पैदलयात्री, १ हजार ६४८ जना मोटरसाइकल चालक, ६१२ जाना निजी सवारी चालक, ११ हजार ८०३ जना सार्वजनिक सवारी चालक र सहचालक, ९ सय जना विभिन्न संघ संस्थाका सवारीचालक, ७ हजार १०४ जना विद्यार्थी र ५७ सरकारी सवारीचालकलाई सचेतना गराइएको बताए ।

यसबाहेक ६ महिनामा दुई चरणमा ९ सय जना स्वयंसेवक परिचालन गरिएको, यात्रुमैत्री अभियान सुरु गरिएको, ट्राफिक जाम कम गर्न विभिन्न प्रयास गरिएको तथा सडक पूर्वाधार सुधारका लागि तयार पारिएको ३७ बुँदे अल्पकालीन सडक सुधार कार्ययोजनाको कार्यान्वयनमा जोड दिइएको महाशाखा प्रमुख ढकालले जानकारी दिए ।

त्यस्तै उपत्यकाको ट्राफिक व्यवस्थापनलाई सहज, व्यवस्थित र चुस्त बनाउन प्रविधिमैत्री ट्राफिक व्यवस्थापनमा प्राथमिकता दिइएको र ९ वर्षदेखि बिग्रिएर रहेका १७ स्थानका ट्राफिक लाइटलाई मर्मत गरी सञ्चालनमा ल्याइएको ढकालले बताए ।

साउन यता चोरी भएका २ सय ८५ वटा मोटरसाइकल सम्बन्धित धनीलाई जिम्मा दिएको र चोरीमा संलग्न ३० जनालाई कारबाही गरिएको जानकारी दिए । महाशाखाले आइतबार पनि चोरी भएका २५ वटा मोटरसाइकल सम्बन्धित धनीलाई जिम्मा लगाएको थियो ।

## विकासका...

गरेको जानकारी दिए । योजना बैंकमा आएका योजनालाई प्राथमिकताक्रम निर्धारण गरी बजेटमा समावेश गर्ने उनले बताए । योजना बैंकको सूचना व्यवस्थापन प्रणाली निर्माण गरेर सबै मन्त्रालय र सम्बन्धित निकायलाई उक्त बैंकको युजर नेम र पासवर्ड दिइएको पौडेलले जानकारी दिए ।

बजेटमा योजना समावेश गर्न चाहने सबैले योजना बैंकमा योजना समावेश गराउनुपर्छ । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन पनि योजना बैंकमा पेश गर्नुपर्ने प्रावधान बनाइएको छ । योजना बैंकको कार्यान्वयन पछि मन्त्री वा नेतालाई दबाब वा प्रभावमा पारेर बजेटमा आयोजना समावेश हुने परम्पराको अन्त्य हुने आशा गरिएको छ । योजना बैंकको सूचना व्यवस्थापन प्रणालीमा भने अहिले सरकारी निकायको मात्रै पहुँच छ । योजना बैंकमा समावेश भएका आयोजना सर्वसाधारणले भने हेर्न सक्दैनन् ।

## चीनबाट...

देखिएको सरकारी स्रोतको भनाइ छ । 'उनीहरूलाई उद्धारको नाममा नेपालमा रहेका नेपालीलाई थप जोखिममा नपर्न सरकारले यस्तो कदम चालेको हो', ती सरकारी अधिकारीले बताए । उता, बेइजिङस्थित नेपाली दूतावासले भने सरकारी कदमको प्रतिक्षामा रहेको बताएको छ । नेपाली पक्षलाई कुन विमान पठाउने भनेर पनि समस्या आएको छ । चीन पठाउने विमानलाई अन्य देशले प्रतिबन्ध लगाउन सक्ने भएपछि समस्या देखिएको हो । यद्यपि यस विषयमा नेपाल बायुसेवा निगमको विमान पठाउने लगभग निश्चित भने भइसकेको स्रोतको दाबी छ ।

यसैबीच, राष्ट्रिय मानव अधिकार आयोगले चीनको हुबेई प्रान्तमा रहेका नेपालीको जीवन जोखिममा पर्नसक्ने भएकाले स्वदेश फर्काउन सरकारसँग आग्रह गरेको छ । आयोगमा आइतबार बसेको आकस्मिक बैठकले उक्त प्रान्तमा भएका नेपालीको संवेदनशीलतालाई बुझी सुरक्षितरूपमा स्वदेश फर्कने वातावरण मिलाउन सरकारसँग आग्रह गरिएको हो ।

बैठकले सरकारलाई आफ्ना नागरिकहरूलाई शीघ्र सुरक्षितरूपमा स्वदेश फर्कने वातावरण मिलाउन निर्देशन दिने निर्णय गरेको आयोगका प्रवक्ता वेदप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार उक्त प्रान्तका सबै नेपालीको स्वास्थ्य अवस्थाको जानकारी र स्वदेश फिर्ता गर्ने सम्बन्धमा सरकारका सम्बन्धित मन्त्रालयले गरेको काम कारबाहीका सन्दर्भमा आवश्यक जानकारी लिन परराष्ट्र, शिक्षा र स्वास्थ्यमन्त्रालयका सचिवहरूलाई आयोगमा बोलाउने निर्णय गरेको छ ।चीनमा रहेका नेपाली विद्यार्थी तथा अन्य नेपाली नागरिक नोबेल कोरोना भाइरसका कारण आफू बसेको निवासबाट बाहिर निस्कन सक्ने अवस्था नभएको, लामो समयसम्म निवासमा बन्दीजस्तै जीवन बिताउँदा खाद्य सामग्रीको समेत अभाव भएको, जति लामो समय चीनमा रह्यो त्यति नै उनीहरू सक्रमणको जोखिममा रहेको बताइएको छ । दुई हप्तादेखि चीनको सो प्रान्तमा रहेका करिब १८० जना नेपाली विद्यार्थी तथा अन्य नेपाली नागरिकमा नोबेल कोरोना भाइरसको संक्रमण हुने सन्त्रास भइरहेको र उनीहरूको शीघ्रजीवन रक्षा गरिदिन माग गर्दै अविभावकहरूले आयोगसमक्ष पेश गरिएको ज्ञापन-पत्र एवं नेपाली नागरिकको जीवन रक्षाका सम्बन्धमा आयोगले सो निर्णय गरेको हो ।

## अदालतको...

अहिले उठाएको यो विषय संसद्को कार्यक्षेत्र भित्र पर्दैन, यसमा प्रष्ट हुनु भए हुन्छ ।' सभामुख सापकोटाले संसद्ले अघि बढाउनुपर्ने कयौं विषय अलपत्र परेको बताउँदै अन्य सांसदहरूले पनि बोल्न नपाएकोतर्फ कांग्रेसको ध्यानाकर्षण गराए ।

उनले संवैधानिक व्यवस्थाको पनि हेक्का राख्न कांग्रेसलाई सम्झाए । 'संविधानको धारा १०५ र संसद् नियमावलीको नियम २१ 'घ' पनि तपाईंहरूले स्मरण गर्नुहोला', उनले भने, 'दुई दिनसम्म तपाईंहरूका कुरा सुनेको छु । प्रमुख प्रतिपक्ष उभिरहनु भनेको सदन अवरुद्ध भइरहनु हो ।' कांग्रेस सांसदहरूले अवरोध गरेपछि सभामुख सापकोटाले प्रतिनिधि सभाको बैठक माघ २८ गते मंगलबारसम्का लागि स्थगित गरेका छन् ।

## संवैधानिक...

गच्छदारविरुद्धको मुद्दा गलत हो भनेर व्याख्या गरिरहेका छन् ।

कांग्रेस सांसद् दिलेन्द्रप्रसाद बडूले ललिता निवासको जग्गा प्रकरणलाई अदालतसम्म पुऱ्याउने प्रक्रियामा अख्तियारले त्रुटि गरेको तर्क गरे । संसद् अवरुद्ध गरेर बाहिरिएका उनले संघीय संसद् भवनमा भने, 'अदालतले न्याय गर्छ भन्ने हाम्रो विश्वास छ । तर, अदालतसम्म मुद्दा पुऱ्याउने प्रक्रियामा नै त्रुटि रह्यो ।' कानुनको व्याख्या र प्रयोग निष्पक्ष ढंगले नभएको उनको तर्क थियो । 'कानुनका सामुन्ने सबै समान छन् भन्ने गरी निर्णय गरिएन । कानुनलाई फरक फरक ढंगले अपव्याख्या गरियो,' उनले भने ।

अदालतमा पुगेको मुद्दाबारे कांग्रेसले संसद्मा आवाज उठाएर संविधान विपरीत किन गइरहेको छ भन्ने प्रश्नको जवाफमा बडूले भने, 'मन्त्रिपरिषद्को नीतिगत निर्णय भन्ने हो भने प्रधानमन्त्रीका लागि नीतिगत निर्णय हुने । प्रस्ताव लैजाने मन्त्रीका लागि कार्यकारी निर्णय हुने ।' उनले मन्त्रिपरिषद्को निर्णयमा अख्तियार प्रवेश गर्ने निवासको जग्गाबारे प्रस्ताव लैजाने गच्छदारविरुद्ध मुद्दा चलाएकोमा संसद् अवरोध गरेको र उक्त अवरोधले संविधान नमिच्ने तर्क गरे । 'यहाँ बोलेनौं भने बोल्ने कहाँ ? सार्वभौम ठाउँमा बोलेनौं भने बोल्ने कहाँ हो ?,' उनका प्रश्न थिए ।

उपसभापति गच्छदारविरुद्ध पूर्वाग्रही ढंगले विशेष अदालतमा मुद्दा दायर भएको भन्दै सरकारविरुद्ध चरणबद्ध आन्दोलनमा उत्रिएका कांग्रेसका भ्रातृ संगठनहरूले अख्तियारकै कार्यालय प्रवेश गरेर प्रमुख आयुक्त र आयुक्तलाई कारबाही गर्ने चेतावनी सार्वजनिक स्थलबाट दिएका छन् । तर, कांग्रेसका नेताहरूले अख्तियारले गच्छदारलाई किन मुद्दा हाल्यो भनेर खोज्न नचाहेको कतिपय राजनीतिज्ञको भनाई छ । उनीहरूले बालुवाटार जग्गा प्रकरणमा भूमिसुधार मन्त्रालयबाट जानुपर्ने प्रस्ताव गच्छदारले किन आफ्नो मन्त्रालयबाट लगे भनेर जवाफ दिन सकेका छैनन । उनीहरूले स्पष्ट रूपमा भूमाफियालाई सहयोग पुग्ने गरी प्रस्ताव लगेर राज्यलाई के फाइदा भो भनेर पनि जवाफ दिन नसकेको कतिपयको भनाइ छ । तर, कांग्रेसले निरन्तर संसद् बन्धक बनाउन थालेको छ ।

सत्तारुढ नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले भने प्रतिपक्षले सरकारसामू कुनै पनि माग नराखेको बताए । लगातार संसद् अवरुद्ध भइरहेको तर माग र समाधान के हो भन्ने प्रतिपक्षी नेताहरूले नबताएको उनको भनाइ थियो । 'अवरोधको क्रममा दुई दिनसम्म उहाँहरूले आफ्ना कुरा राख्नुभएको छ । अरू वेलाजस्तो उहाँहरूले कुनै माग राख्नुभएको छैन । हामी सहयोग गर्न तयार छौं, कहाँ सहयोग गर्नुपर्ने हो उहाँहरूले भन्नुपर्छ,' पूर्वसभामुखसमेत रहेका उनले थपे, 'यसपटक उहाँहरूले कुनै माग राखिरहनुभएको छैन । यसपटकको संसद् अवरोध नौलो ढंगको छ ।'

ललिता निवासको जग्गा प्रकरणमा अख्तियारले प्रतिपक्षी दलका नेतालाई मात्रै नभएर अन्य क्षेत्रमा आवद्ध व्यक्तिहरूविरुद्ध पनि मुद्दा चलाएको नेम्वाङको भनाइ थियो । अदालतमा विचाराधीन मुद्दाबारे आफू 'धेरै बोल्न नमिल्ने' बताएका उनले भने, 'विविध क्षेत्रमा काम गर्नेलाई अख्तियारले मुद्दा चलाएको हुनाले यो एकतर्फी होइन । यो संवैधानिक अंगले मुद्दा चलाएको हो, सरकार वा यसको कुनै पक्षले होइन । अदालतमा मुद्दा परिसकेको अवस्थामा त्यसबारेमा संसद्मा प्रश्नसम्म उठाउन मिल्दैन ।'

# सम्पदा पुनर्निर्माण

# पाँच वर्षमा ६० प्रतिशत सम्पन्न

■ सञ्जिता आचार्य




काठमाडौं । भूकम्पछिको पुनर्निर्माणमा सम्पदा पुनर्निर्माणको अवस्था कमजोर देखिएको छ । भूकम्पको पाँचवर्षमा ६० प्रतिशत सम्पदा मात्र पुनर्निर्माण सम्पन्न भएको पुरातत्व विभागको तथ्यांकले देखाएको छ । राजधानीमा आइतबार पत्रकारसम्मेलन गर्दै विभागले सो तथ्यांक सार्वजनिक गरेको हो । ०७२ को भूकम्पबाट उपत्यकाका उपत्यकाका ५ सय ४० लगायत अन्य २८ जिल्लाका जिल्लाका कुल ९ सय २० सम्पदाहरूमा क्षति पुगेको थियो । क्षति भएका सम्पदाहरूमध्ये हालसम्म ४ सय सम्पन्न भएको पुरातत्व विभागको तथ्यांकले देखाएको छ । यसरी हेर्दा सम्पदा पुनर्निर्माणको गति सुस्त देखिएको छ । विभागले चालु आर्थिक वषभित्र १ सय ५० वटा सम्पदाहरू संरक्षण तथा पुनर्निर्माण गर्ने लक्ष्य लिएको विभागका निमित्त महानिर्देशक दामोदर गौतमले बताएका छन् ।

काठमाडौं उपत्यकाका तीन जिल्लामा क्षति भएका सम्पदाहरूमा काठमाडौंमा क्षति भएका ३ सय १९ मध्ये ९९ सम्पदा सम्पन्न भइसकेका छन् भने १ सय ६८ चालु र ६० पुनर्निर्माण गर्न बाँकी रहेका छन् ।

यस्तै, ललितपुरमा क्षति भएका १ सय २३ सम्पदाहरूमा ३० सम्पन्न भइसकेका छन् भने ५० चालु र ४३ पुनर्निर्माण गर्न बाँकी रहेका छन् । भक्तपुरमा पनि ५ सय ४० सम्पदाहरू क्षति भएका थिए । तिनीहरूमा १ सय ६९ सम्पन्न भइसकेका छन् भने २ सय ५६ चालु र १ सय २३ पुनर्निर्माण गर्न बाँकी रहेका छन् । चालु आर्थिक वर्षसम्ममा ६० प्रतिशत कार्य सम्पन्न गर्ने र बाँकी ३ सय ७० वटा सम्पदाहरू (४० प्रतिशत) आगामी दुई आर्थिक वर्षसम्ममा पुनर्निर्माण सम्पन्न गरिने गौतमको भनाइ थियो ।

सम्पदा पुनर्निर्माणमा ३ अर्ब ६३ करोड ६० हजार

भूकम्पबाट क्षति भएका सांस्कृतिक सम्पदाको पुनर्निर्माण तथा संरक्षण गर्न ३ अर्ब ६३ करोड ६० हजार रुपैयाँ आवश्यक रहेको बताइएको छ ।

चालु आर्थिक वर्षको बजेटमा नेपाल सरकारबाट ९६ करोड ७९ लाख, भारतीय अनुदान १ अर्ब ८३ करोड ९५ लाख, भारतीय एक्जिम बैंक १ अर्ब ९१ करोड २३ लाख र जापान सरकारबाट १३ करोड रुपैयाँ सहयोग भएको विभागले जनाएको छ ।

चालु आर्थिक वर्षमा नेपाल सरकारको तर्फकाट सम्पदा पुनर्निर्माणका लागि ९६ करोड ७९ लाख रुपैयाँ खर्च भएको बताएको छ । पुरातत्व विभागबाट निर्माण गरिने करिब ७ सय ३७ सम्पदाहरूको पुनर्निर्माणका लागि ९ अर्ब १८ करोड ८७ लाख ७१ हजार रुपैयाँ आवश्यक रहेको थियो । आर्थिक वर्ष २०७५र०७६ सम्म विभागले २ अर्ब ३९ करोड ८२ लाख ४६ हजार खर्च गरेको जनाएको छ ।

**उपत्यकाका विश्वसम्पदा जोड्न साइकलेन बनाइने**

काठमाडौं उपत्यकाभित्रका विश्व सम्पदा जोड्ने गरी साइकल लेन बनाइने भएको छ । सम्पदालाई पर्यटक आकर्षणको केन्द्र बनाउने उद्देश्यले साइकल लेनबाट सबै विश्व सम्पदालाई जोड्ने योजना बनाइएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले जानकारी दिएका छन् । हाल विश्व सम्पदा सूचिमा परेका काठमाडौं उपत्यकाका सम्पदाहरूमा हनुमान ढोका, पाटन दरवार स्क्वायर, स्वयम्भु, पशुपति, भक्तपुर, चाँगुनारायण, बौद्ध रहेका छन् । नेपालका सम्पदालाई पर्यटनसँग जोडेर लैजाने बताएका हुन् । सम्पदा क्षेत्र घुम्न आउने पर्यटकलाई त्यसको ऐतिहासिक महत्वसमेत देखाउनु पर्ने भट्टराईको भनाइ थियो । सरकारले पुरताव्तिक सम्पदाको पुनर्निर्माणमा प्रयोग नभएका पुरातात्विक सामग्रीलाई संग्रहालयमा राख्ने भएको छ । त्यसका लागि पटनमा संग्राहलय निर्माण भइसकेको उनको भनाई थियो । नेपालका विश्व सम्पदा खतरा र कालो सूचीमा नपर्ने भन्दै उनले ढुक्क हुन आग्रह समेत गरे ।

**Invitation for Bid**

**Swami-Kartik Khapar Rural Municipality**

Suijuila wai, Bajura

**Far western, province, Nepal**

**Date of publication: 2076/10/27(10-Feb-2020)**

1. Office of the Swami Kartik khapar Rural Municipality Suijuila wai Bajura invites electronic bids from Nepalese eligible bidders for theNarpati, Narjung and Narjit Rural Road (5th part), Swami kartik khapar rural municipality Ward No.1,2 Bajuraunder National Competitive Bidding procedures.
2. The Rural Municipality Invite's National Competitive Bidding procedures by eligible contractors for the consisting of civil works, Earthwork Excavation for Soft soil, Hard Soil, Ordinary Rock /Medium Rock,Hard Rock**.** Besides the whole system has to be operated and maintained for one year after completion.
3. Eligible Bidder Must be Submission of a written application, along with the copy of company, firm registration certificate, Business Registration Certificate (License), commitment letter, letter of bid ThroughPPMO e-GP system www.bolpatra.gov.np/egp.
4. the detail term of reference (TOR) Pertaining to Bid Document can be download from the **website of PPMO. e-GP system (www.bolpatra.gov.np/egp)**.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Projectsof a non-**refundable Fee of Nrs. 3000.00 to Account No. 4070304018108 at the RastriyaBanijyaBank Bajura** and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
6. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.npbefore *12:00**Noon*** on 2076/11/28 (11-Mar-2020). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 2076/11/28(11-Mar-2020). at the office of Swami Kartik Khapar Rural Municipality Suijuila wai Bajura. Bids must be valid for a period of **90** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, Amount of Bid SecurityNRs4,00000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120) Information to deposit the Bid Security Amount in Bank
   Office Name: **Swami-Kartik Khapar Rural Municipality Suijuila, wai, Bajura**
   Bank Name: RastriyaBanijya Bank ltd.
   Bank Address: Badimalika Municipality Martadi, Bajura.
   Account Number: **4070303007108**.
   Office Coad: 801076908
8. Bid shall be opened in the presence of bidders' representatives who choose to attend **at** Swami kartik khapar Rural Municipality office waiSuijuila, Bajura. Absence of any Bidder shall not affect opening of the Bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Rural Municipality will not be responsible for any cost or expenses incurred by the bidders in connection with preparation or delivery of bids.
11. The Rural Municipality reserves the right to accept or reject any bids. Party or wholly will not assigning any reason, whatsoever.

| SN | Contract Id. No. | Description of Work | Estimated Amount (NRs) With VAT | Bid Security Amount (NRs) | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | SKK/NCB/06/2076/77 | Narpati,Narjung and Narjit Rural Road (5th part),sw.k.ru.01,2 Bajura | 15883700.64 | 4,00000 | 2076/11/28 12:00 Noon | 2076/11/28 14:00 pm | 3000.00 |

# विद्यार्थी रेडियो सुन्दै, सिकाउँदै

■ हृदय भुसाल



अर्घाखाँची । युवा वर्ष र विचित्र माध्यमिक विद्यालय सन्धिखर्क नगरपालिका-१ को कक्षा ८ मा अध्ययन गर्ने साधन अधिकारीले सामूहिक रूपमा रेडियो कार्यक्रम साझा बोली सुनेर देशमा सञ्चालनमा रहेका तीन तहका सरकारको काम कर्तव्यबारे रेडियो सुनेरै सिकेको बताए । उनले भने, 'हाम्रो स्कुलमा परिवर्तनशील रेडियो क्लब छ । क्लबका सबै साथीले साप्ताहिक रूपमा आउने रेडियो साझाबोली नियमित सुन्छौं अनि सिकेका कुरा क्लब अनि कक्षामा छलफल गर्छौं ।'

क्लबकी अध्यक्ष कक्षा ८ मै अध्ययन गर्ने जेनिसा चौहानले नियमित रेडियो कार्यक्रम सुनेर शिक्षा, स्वाथ्य, कृषि तथा बिपत् व्यवस्थापन र सार्वजनिक सरोकारका धेरै बिषय सिकेको र अरू साथीहरूलाई पनि कक्षामा सिकाएको बताइन् । उनले भनिन् 'रेडियो सुनेर धेरै कुरा त सिक्यौं । सँगै नगरपालिकालगायत वडामा गएर बिभिन्न मागसमेत राख्यौं । माग नि पुरा हुन्छ होला ।' रेडियो कार्यक्रम साझा बोली ई-क्लब एक्सेस नेपालको उत्पादनमा देशभरिका बिभिन्न रेडियोबाट प्रसारण हुने जनसरोकारको महत्वपूर्ण कार्यक्रम हो । यो कार्यक्रममार्फत सार्वजनिक सरोकार विभिन्न विषयहरू उठाउने र समस्याको समाधान गर्ने कार्यक्रम दिनप्रतिदिन प्रभाकारी हुँदै गएको सामुदायिक सञ्चारकर्मी रुदमणि भुसालले बताए

पारस्पारिक परियोजनाअन्तर्गत एकीकृत ग्रामीण विकास समाजले विभिन्न ठाउँहरूमा रेडियो श्रोता समूहहरू निर्माण गरी रेडियो हस्तान्तरण गर्दै आर्थिक रूपमा पनि क्लबलाई केही सहयोग गरी युवा विद्यार्थीलाई नेतृत्व विकास र नयाँ ऐनकानुन र नागरिकका अधिकार कर्तव्य सार्वजनिक निकायको सेवा प्रवाहको बारेमा अभिमूखीकरण गर्दै आएको परियोजनाका जिल्ला कार्यक्रम अधिकृत वसन्त श्रेष्ठले बताए । विद्यार्थीले नियमित रेडियो सुनेर टोलमा समाजमा पनि कुरा गर्ने अधिकार र कानुनी सवालका विषयमा धेरै कुराहरूको जानकारी लिई नेतृत्व विकास गरेको पत्रकार तथा अनुसन्धानकर्मी सागर परियारले बताए ।

परिवर्तनशील युवा क्लबमा महिनाको दुईपटक नियमित बैठक बस्ने र चार वटा कार्यक्रम सुन्ने गरेको बैठकमा विभिन्न अरू विषयमा पनि छलफल गर्ने र एउटा विद्यार्थीले सिकेको कुरा अर्कोलाई सिकाउँदै आएको क्लबका सहजकर्ता नारायण भट्टराईले बताए । यसरी रेडियो कार्यक्रम सुनेर जिल्लाका शिक्षक दरबन्दी, स्वाथ्य कार्यालयले दिने निःशुल्क औषधि, सार्वजनिक सुनुवाई योजना छनोटका बिभिन्न चरणहरू, सार्वजनिक निकाएको पारदर्शिता सूचनाको हक लगाएका धेरै बिषयमा कुराहरू सिकी कक्षाका अरूलाई पनि सिकाई सार्वजनिक निकायहरू नगरपालिकामा सूचनासमेत मागेको क्लबकी सदस्य सपना पन्थीले बताइन् ।

# फिजियोथेरापी सेवा दिँदै जिल्ला अस्पताल

■ कृष्णप्रसाद अधिकारी

दैलेख । जिल्ला अस्पताल दैलेखमा फिजियोथेरापी सेवा सुरु भएको छ । पछिल्लो समय जिल्लामा उपचारका लागि फिजियोथेरापी कहाँ पुग्ने बिरामीको संख्या बढेसँगै सेवा सुरु गरिएको हो । जिल्लामा पहिलोपटक फिजियोथेरापी सेवा सुरु गरिएको अस्पतालले जनाएको छ । विशेषगरी नसा च्यापिएका, ढाड कम्मर, हड्डी लगायतको समस्या समाधानका लागि बिरामीहरू फिजियोथेरापी रोज्ने गरेका छन् ।



अस्पतालका प्रमुख डा.निरञ्जन पन्तका अनुसार फिजियोथेरापी सेवा सञ्चालन गर्न ह्यान्डी क्याप इन्टरनेसनलले १० लाख बराबरको सामग्री उपलब्ध गराएको छ । कर्णाली प्रदेश सरकारको बजेटबाट फिजियोथेरापिस्ट कर्मचारी राखिएको डा. पन्त बताए । आइतबार फिजियोथेरापीको जिल्ला समन्वय समिति दैलेखका प्रमुख प्रेमबहादुर थापा, नारायण नगरका प्रमुख रत्नबहादुर खड्का, अस्पताल विकास समितिका अध्यक्ष लोमन शर्मा लगायतले उद्घाटन गरेका छन् । जिल्ला अस्पताल दैलेखमा फिजियोथेरापी सेवा योगा, लागायतका १२ भन्दा बढी सेवा थपिएको जानकारी दिइएको छ । फिजियोथेरापीको उद्घाटनसँगै स्वास्थ्य सेवा कार्यालय दैलेखले जिल्लामा भएका सञ्चारकर्मी स्वास्थ्यसँग सम्बन्धित सरोकारवालासँग अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा विभिन्न स्वास्थ्यसँग सम्बन्धित कुराको जानकारी गराइएको थियो । विभिन्न रोगहरूको जानकारी गराउने क्रममा दैलेखमा स्थानीय जातको मलेरियासमेत देखिएको छ भने जिल्ला अस्पताल दैलेखमा फोहोर व्यवस्थापन प्रमुख चुनौती रहेकोसमेत अन्तरक्रिया कार्यक्रममा बताइएको थियो ।

यस कार्यक्रममा बोल्दै कार्यक्रका प्रमुखअतिथि प्रेमबहादुर थापाले दैलेख जिल्लामा रहेका ११ वटा स्थानीय तहका स्वास्थ्य शाखाहरूले प्रभावकारी रूपमा काम नगरेको भेटिएकोले मिडियाकर्मीले प्रत्येक स्थानीय तहका स्वास्थ्य शाखाका बिलहरू हेर्नसमेत आग्रह गरे । स्थानीयस्तरमा अस्पतालबाट निःशुल्क पाइने औषधि सबैले पाएका छन् कि छैनन् भन्ने कुराको जरुरी रहेको बताए । त्यस्तै यसै कार्यक्रममा अध्यक्ष तथा अस्पताल विकास समिति दैलेखका अध्यक्ष लोमन काफ्लेले अस्पतालमा धेरै सेवा थपिएकाले सबैले स्थानीयलाई समेत यसको जानकारी दिन सञ्चार माध्यमको भूमिका ठूलो हुने भन्दै सबैले सहयोग गर्ने आग्रहसमेत गरेका छन् । कार्यक्रममा कोरोना भाइरससम्बन्धी सचेत हुनका लागि जानकारी दिइएको थियो ।

# सडक सञ्जालसँग जोडियो शुभकालिका



■ हस्त चौलागाई

कालिकोट । सडक खन्दै भत्किँदै गर्दा जिल्लाको शुभकालिका गाउँपालिका सडक सञ्जालले छुन सकेको थिएन । स्थानीय सरकारको चुनाव हुँदा विभिन्न किसिमका आश्वासन देखाउँदै खानेपानी, विद्युत्, सडक, शिक्षालगायत भौतिक पूर्वाधारका क्षेत्रमा राम्रो काम गर्ने प्रतिवद्धता विभिन्न पार्टीले गरे पनि खासै राम्रो काम हुन सकेको थिएन । चुनाव लड्दा गरेका कतिपय प्रतिवद्धता विलय भए । तर, लामो समयपछि विकासीय दृष्टिकोणले फड्को मार्दै शुभकालिका गाउँपालिका सडक सञ्जालसँग जोडिएको छ ।

गाउँमै गाडी पुग्दा स्थानीय हर्षित

सेरीघाटदेखिमाथि करिब आठ किलोमिटरको पैदल यात्रा गर्दा शरीरभरी पसिनाले भिज्केको, भारी बोकेरै च्यातिएका कपडा, पिठिउँमा बसेका डामहरू स्थानीयको मस्तिष्कमा घुमिरहेको छ । बिरामीलाई स्टेचर, डोकोबाट बोकेर भिरको बाटोको प्रवाह नगरी ज्यान नै बाजी राखेर सडकसम्म पऱ्याउनु पर्ने बाध्यता अनि गाउँघरमै उत्पादन भएका तरकारी तथा फलफूलहरू सदरमुकाम लगायतका बजारमा बिक्रीका लागि ल्याउनुपर्ने पीडा शुभकालिका गाउँपालिकामा थियो ।

स्थानीय तहको चुनावपछि स्थानीयतहहरूले पहिलो प्राथमिकता सडक निर्माण कार्यलाई दिएका छन् । अहिले हेर्ने हो भने अधिकांश नगरपालिका र गाउँपालिकामा सडक सञ्जालले छोइसकेको छ । शुभकालिका गाउँपालिकामा पनि अब निरन्तर गाडीहरू गुड्ने भएपछि स्थानीयवासीहरूको मुहारमा खुसिपना देखिएको छ । वडा-२ मा गाडी पुग्दा बालबालिका, युवा, वृद्धवृद्धा सबै हर्षित देखिएका छन् । शुभकालिका गाउँपालिका-२ का बुदे विक वर्षले ६१ नाघे । उनले भने पहिला मान्म, सुर्खेत, नेपालगञ्ज लगायतका सहर बजारमा गाडी देख्न पाएका थियौं, सामान पनि पिठिउँमा बोक्दै आउनुपर्थ्यो । अब भने हाम्रा सुखका दिन आएको महसुस भएको छ ।

कालिकोटका नौ वटा स्थानीयतहहरू मध्ये शुभकालिका गाउँपालिकाले पनि सडकलाई नै प्राथमिकता दियो । भौगोलिक विकटता रहेको शुभकालिका गाउँपालिकाका गाउँहरूमा सहजै सडक पुऱ्याउन भने सकिने अवस्था थिएन । सडक सञ्जाल लगायतका विभिन्न विकासीय योजनाहरूमा पालिका सरकारले ध्यान दिए पनि विकास गर्न भने अप्ठ्यारो रहेको पालिका अध्यक्ष खडानन्द चौलागाईंले बताए । सबै विकासीय योजनाहरूलाई उत्तिकै प्राथमिकतामा राख्दै स्थानीय सरकार गठनपश्चात गाउँमा सडक पुऱ्याउने योजनालाई प्राथमिकतामा राखेको अध्यक्ष चौलागाईंले बताएका छन् । उनले भने, 'पालिकाका सबै वडा र वस्तीवस्तीमा आफ्नै पालामा सडक सञ्जाललाई जोड्छु, जनतालाई सहजता बनाउँछु ।' गाउँपालिका-२ मा गाडी पुग्दा गाडी हेर्नेको घुइँचो थियो । सडक निर्माण गर्दा स्थानीयको खेतीयोग्य जमिन मासिएकोमा पनि कुनै दुःखेको नभएको स्थानीयले बताएका छन् । स्थानीय भक्तिप्रसाद अधिकारीले भने पहिलाको दुःख सम्झिँदा आङ नै सिरिङ हुन्छ । खेतीयोग्य जमिन मासिँदा पनि हामी खुसी छौं । सबैले विकास निर्माणका कार्यहरूलाई बाधा नपुऱ्याउन पनि उनले अनुरोध गरेका छन् ।

चट्टानलाई थिचोल्दै शुभकालिका गाउँपालिका-२ सम्म सडक सञ्जालले छोएको छ । कर्णाली राजमार्गको सेरीघाटदेखि भर्तागाडसम्म करिब १४ किलोमिटर सडक निर्माणको काम सम्पन्न भएको छ । पालिकाका अन्य वडाहरूमा सडक सञ्जाल जोड्न पालिकाले विभिन्न क्षेत्रहरूबाट सडक निर्माणको कार्य तीव्र गतिले थालेको छ । आइतबार एक कार्यक्रमको आयोजना गरी शुभकालिका गाउँपालिकाले गाडी तथा मोटरसाइकल वडा-२ मा पुऱ्याएको छ । सडक सञ्जालले छोएसँगै पालिकाले आफ्नै गाडीसमेत खरिद गरेको छ । गाडी उद्घाटन कार्यक्रमका अतिथिहरूले विकास निर्माणका कार्यहरूमा सबैले साथ दिएपछि कुनै पनि विकास गर्न असम्भव नभएको बताएका छन् ।

# 'अपराधिक घटना न्यूनीकरण गर्छु'

■ आलोक यादव

लहान । जिल्ला प्रहरी कार्यालय पर्साको प्रहरी प्रमुख कार्यभार सम्हाल्दै एसपी गंगा पन्तले समाजमा हुने हरेक अपराधिक घटना न्यूनीकरणमा कानुनले दिएको अधिकार समय र अवस्थाअनुसार प्रयोग गर्ने बताएकी छन् ।

बिहीबारदेखि नै प्रहरी प्रमुख कार्यभार सम्हालेकी प्रहरी प्रमुख पन्तले योजना बनाएर कम गर्नुभन्दा पनि प्रहरी संगठनको कर्तव्य शान्ति सुरक्षाका लागि कानुनी ऐनअन्तर्गत काम गर्दै जाने बताइन् । आफूले काम गरेका कारण महिलाहरूमा पनि थप ऊर्जा हौसला मिलेर प्रहरी संगठनमा आउने वातावरण बनाउने भन्दै उनले प्रहरीको काम भन्नु निश्चित समय र काम नभएर हरेक जिम्मेवारी धेरै भएको उल्लेख गर्दै समाजमा हुने हरेक अपराधिक घटना रोक्ने नागरिकको समस्या सुल्झाउनेदेखि सुरक्षासम्मको काम भएकोले आफू अहोरात्र खटिने बताएकी हुन् ।

सौर्य दैनिकसँग कुराकानी गर्दै एसपी पन्तले प्रहरी नागरिकको साथी हो भन्ने प्रमाणित गर्दै गुनासो लिएर आउने हरेक नागरिकको गुनासो सुनेर काम गर्ने र हरेक नागरिकलाई सहज पार्ने बताएकी छन् । प्रदेश-२ को पर्सा वीरगञ्ज भारतीय सीमा क्षेत्र भएकोले लागुऔषध हातहतियार राजस्व छलिएर सरसामान भित्र्याउनेदेखि विभिन्न अपराधिक घटना हुन सक्ने भएकोले यसलाई रोक्ने प्रयास रहने बताइन् ।

प्रहरी संगठनमा महिलाको कमी भएता पनि महिलामा पनि पूर्ण क्षमता भएको जानकारी गराउँदै महिला हिंसा रोक्ने उद्देश्य रहेको उनले बताएकी हुन् । तराईको समस्या महिलामा हुने शोषण र दमनसँगै दाइजो प्रथा बालविवाहका कारण हुने विभिन्न




अपराधिक घटना रोक्ने प्रयास रहने बताइन् । अपराधिक घटना घटाउने र कानुन विपरीत कार्य गर्ने व्यक्तिलाई नियन्त्रणमा लिने र तुरुन्त कारबाही गरिने बताइन् ।

अपराध फैसला सुनाइएका फरार अपराधीहरूलाई पनि खोजी कार्यमा तीव्रता दिने र तिनीहरूलाई पक्राउ गर्ने बताउँदै गैरकानुनी तरिकाले व्यापार व्यवसायया कुनै पनि काम गर्छन् भने तिनीहरूलाई कारबाही गर्न कानुनले दिएको सम्पूर्ण अधिकार प्रयोग गरिने बताएकी छन् । आफूले काम गरेका कारण महिलाहरूमा पनि थप ऊर्जा हौसल्ला मिलेर प्रहरी संगठनमा आउने वातावरण बनाउने एसपी पन्तको भनाइ छ ।


चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, ईलाम
१ नं. प्रदेश, नेपाल

## दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/१०/२७ (10 Feb 2020)

यस कार्यालयको आ.व. २०७६/०७७ को तपशील वमोजिमको स्वीकृत कार्यक्रम शीलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः

शर्तहरू

१. तपशीलमा उल्लेख भएअनुसार दस्तुर (फिर्ता नहुने गरी) चुलाचुली गाउँपालिका कार्यालयको NMB Bank Chulachuli, Ilam शाखामा रहेको सञ्चित कोष खाता नं. १०३००६०७४४२०००४७ मा जम्मा गरेको भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नवीकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६/११/१२ (24 Feb. 2020) गतेका दिन कार्यालय समयभित्र E-Procrument मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np बाट र कार्यालयमा सम्पर्क राखी HARD COPY मार्फत् दरभाउपत्र खरिद गर्न सकिने छ ।
२. खरिद भएको दरभाउपत्र फारमहरू उल्लेख भएका सबै बिबरण रितपूर्वक भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिन (मिति २०७६/११/१३ (25 Feb. 2020) गते दिउसो १२:०० बजेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को webpage र कार्यालयमा दर्ता गर्नुपर्नेछ ।
३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।
४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू विदाको लगत्तैपछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।
५. शिलबन्दी दरभाउपत्र फारमसाथ जमानत बापत तपशीलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ ।
६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्रमा प्रत्येक Itemwise दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहीछाप भएको हुनु पर्नेछ ।
७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।
८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुने छैन ।
९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।
१०. यस सूचना चुलाचुली गाउँपालिका कार्यालयको website-chulachulimun.gov.np मा समेत राखिएको छ ।
११. दरभाउपत्र स्वीकृत भएपछि परफरमेन्स बण्डवापत दरभाउपत्रदातले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख भएको खातामा नगद नै जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्यूनतम कार्यसम्पन्न गर्नु पर्ने अवधिभन्दा कम्तीमा ४५ दिन बढीको म्याद राखी जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ ।
१२. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनु पर्नेछ । दरभाउपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

तपशील

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट र कन्टेन्जेन्सी बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 29/Chulachuli/076/77 | Construction of Sami Chowk-Tinkune Sadak Khanda Uchha istarya Gravel Part-2, Chulachuli-2, Ilam | ११,६०,९५४ | ३४,००० | रु. १०००। |
| २ | 30/ Chulachuli/076/77 | Construction of Radha Krishna Mandir-Shrijana Marga Hudai Sarmila Chowk Uchha Istarya Gravel, Chulachuli-1, Ilam | ९०९,८३१ | २७,००० | रु. १०००। |
| ३ | 31/Chulachuli/076/77 | Construction of Deurali Chapeti Krishi Marga Sadak Istarrunnati, Chulachuli-5, Ilam | ९३१,८८१ | २७,००० | रु. १०००। |
| ४ | 35/Chulachuli/076/77 | Rate Holi (Sigu Tol) Box Culvert construction Work, Chulachuli-3, Ilam | ९१५,११४ | २७००० | रु. १०००। |

चिन्तन

शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।

-आचार्य चाणक्य

## सम्पादकीय

# सडकमा कांग्रेसको रमिता

नेपाली कांग्रेसका भ्रातृ संगठनहरू सरकारविरुद्ध प्रदर्शन गरिरहेका छन् । मातृ पार्टीको निर्देशनबमोजिम कांग्रेसका भ्रातृ संगठनहरूले नेपाल तरुण दलको संयोजनमा सरकारविरुद्ध प्रदर्शन गरेका हुन् । उपसभापतिसमेत रहेका पार्टी संसदीय दलका उपनेता विजयकुमार गच्छदारविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि कांग्रेस संसद् र सडकबाट एकसाथ आन्दोलन गरिरहेको छ । गत बुधबार अख्तियारले ललितानिवास जग्गा प्रकरणमा सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेताहरूलाई उन्मुक्ति दिएर पूर्वाग्रहपूर्ण रूपमा गच्छदारविरुद्ध मुद्दा दायर गरेको दाबी गर्दै कांग्रेस असन्तुष्ट छ । कांग्रेसका भ्रातृ संगठनहरूले अख्तियारले विभेद गरेको भन्दै माइतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म सरकार र अख्तियारविरुद्ध नाराबाजी गर्दै प्रदर्शन गरेका हुन् । यी तिनै जमात हुन जो भ्रष्टाचार ठहर भई जेल बसेर निस्कँदा खुमबहादुर खड्कालाई फूलमालासहित अबिर यात्रा गरेका थिए ।

अख्तियार र सरकार एउटै निकाय होइनन् । यो ललिता निवास प्रकरण पनि अहिलेको कुरा होइन । यसअघि कति सरकार आए, गए कसैले यसबारे केही खोजिनीति गरेनन् । वर्तमान ओली सरकारले यसको खाजी गर्न लगायो । छानबिन आयोगले कसैको मोलाहिजा नगरी, मुख नहेरी जे भएको हो प्रस्ट पारेर प्रतिवेदन बुझाएको छ । ओली सरकारले गठन गरेको छानबिन आयोगले तयार पारेको प्रतिवेदनमा कतै प्रश्न उठेको छैन । अख्तियारले आफूलाई प्राप्त अधिकारको धरातलमा टेकेर जब मुद्दा दायर गर्‍यो तब कांग्रेस लगायतलाई टाउको दुख्यो । के अख्तियार प्राप्त अधिकारभन्दा बाहिर गएर पूर्वप्रधानमन्त्रीमा नाममा पनि मुद्दा दायर गर्नुपर्थ्यो ? त्यसो भएको भए कांग्रेस रमाउने थियो ? मन्त्रिपरिषद्को नीतिगत निर्णय अख्तियारको अधिकारभित्र नपर्ने कानुन कसको पालामा बनेको हो ? के यही ओली सरकारले आफ्ना पार्टी वरिष्ठ नेता माधव नेपाल जोगाउन नै सो कानुन अहिले बनाएको हो ? यदी होइन भने अख्तियारले के गल्ती गर्‍यो ? अख्तियारले गल्तीनै गरेछ भने पनि त्यसका आयुक्तलाई कारबाही हुनु पर्‍यो । सरकारविरुद्ध सडक उफ्रने किन ? अर्को कुरा अख्तियारले मुद्दा दायर नगर्दैमा वा मोलाहिजा गर्दैमा कोही बेदाग ठहरिने होइन् । सजायकै कुरा गर्ने हो भने अन्य निकाय पनि जसले अख्तियारले बकस दिएकालाई पनि मुद्दा हाल्न सक्छन् । अख्तियारले त प्रष्ट कानुनी अडचन देखाएको छ । सरकारले छानविन गराएर प्रतिवेदन लुकाएको पनि छैन । अनि कसका विरुद्ध सडकमा नाराबाजी र किन ?

सामाजिक न्याय, सुशासन, मानवअधिकार लोकतन्त्रका आधारभूत कुरा हुन् । राज्यको अधिकार प्राप्त निकायले विधायिकाले बनाइ दिएको कानुनको धरातलमा टेकेर गरेको काममा प्रश्न खडा गर्दा सुशासनमा खलल पुग्छ । कुनै पनि लोकतान्त्रका पक्षधर समूहले यसरी कोकोहोला मच्चाउनु भनेको अराजकता सिर्जन ागर्न खोज्नु हो । यसले स्वयं उसैलाई नोक्सान पुर्‍याउँछ । बरु कांग्रेसले यसमा सरकारलाई बल दिनु पर्छ, सघाउनु पर्छ । अख्तियारले मुद्दाका सूचीमा छुटाएका ब्यक्तिलाई कानुनी तरिकाले नै चुनौती दिन सक्नुपर्छ । हो, राजनीतिक फाइदाका निमित्त जनतलाई थाहा दिने उदेश्यले सडकमा हल्ला गरिनु लोकतान्त्रिक चरित्रभित्रै पर्छ । तर, जसको सहारा वा जुन विषय कांग्रेसले समातेको छ, त्यसले उसकालाई उल्टोपट्टीबाट लाभ हुनेवाला छ । भ्रष्टाचारी जोगाउन खोजेको आरोपबाट ऊ मुक्त हुन सक्दैन । यसले थप विनास निम्त्याउने निश्चित छ ।

# सत्ताका शासक र सहिदको सम्मान



सुदर्शन आचार्य

क्रान्तिको विगुल बज्नासाथ मानिसहरू एकीकृत भएर निर्देशनको पर्खाइमा बस्नु नै साम्यवादीहरूको अनुशासनको पर्याय हो जस्तो लाग्थ्यो । सन १८१८ मा जन्मिएका कार्लमार्क्सले सोचेको विज्ञानले यो बेलासम्म सान्दर्भिक काम गर्दै आएको छ । आजसम्म जीवन र समाज परिवर्तन गराउनका लागि आदर्शका कुरा गर्नेको संख्या अधिक भयो तर समाज र जीवन वदल्ने काम कसैबाट हुन सकेको छैन भनेर करिब २०० वर्ष अगाडि नै भनेको भनाइले पनि थाहा हुन्छ । हाम्रो देशको परिस्थितीले जन्माउने अवस्थाको अनुभुति कार्लमार्क्सले उही वेलामा नै सोचेका थिए । प्रगतिशील समुहको बहुमत बन्दा समेत सरकारले विकास निर्माणमा चालेको कदमले नेपालीको जीवनस्तरमा खासै तात्विक भिन्नता भएको पाइन्न । केवल यो समाज र सत्ता अहिलेसम्म पनि जसरी चलेको छ केवल वर्ग संघर्षको इतिहास रच्ने काम मात्र भएको छ । जबसम्म जीवन र जगतलाई हेर्ने परम्परावादी, भाग्यवादी, अन्ध-इश्वरीय, काल्पनिक धरोहरलाई स्थापित गर्न लागि परिन्छ तबसम्म क्रान्तिकारी चिन्तनले केही परिवर्तन गराउन सक्दैन । पुरातनवादी चिन्तनले जकडिएको हाम्रो समाजको धरातललाई नै चिर्दै गरेको वैज्ञानिक परिवर्तनको क्रान्तिकारी दस्तानै समाजवादी चिन्तन हो । कम्न्युनिस्टको समाजवादी विचारधारालाई जीवन र समाजलाई समानता, शान्ति र समृद्धिमा रूपान्तरण गर्न अनावश्यक लोभ लालचमा नलागि समाजका सम्पूर्ण उत्पीडित, शोषित वर्गलाई एक हुन अनिवार्य ठानिएको छ । समाजको इतिहास, वर्गसंघर्ष, पुँजीवाद, सर्वहारा वर्ग, आगामी समाजलगायत विषयमा गहन विश्लेषण र व्याख्या हुनुपर्ने हुन्छ । वैज्ञानिक तर्क, तथ्यको आधारमा साम्यवादको यात्रामा समाज र जीवनलाई रूपान्तरण गरिनु आजको आवश्यकता मानिन्छ ।

हाम्रो समाजले नजानेर रूचाएको सिद्धान्त भने कै पुँजीवाद हो । चाहे साम्यवादको चिन्तन गर्ने खेमा हुन चाहे समाजवादको खुल्लेआम वकालत गर्दै हिँडनेहरू नै किन नहुन यिनीहरूको चिन्तन जे भएपनि कार्यशैली भने पूँजीवादीले अपनाएका मार्ग भन्दा विल्कुल फरकपन पाउन सकिन्न । आज राज्यमा आमूल परिवर्तनको खाका वनेको छ । हरेक सामन्ती चिन्तनका प्रशासकको केही हिस्सा यो राज्यको उच्च पदमा पदासिन छन् । राज्यको सम्पत्तिको हिनाविना गर्ने, मानवको श्रम वेचविखन गर्ने र गराउने, अपराधी क्रियाकलापमा लाग्नेलाई पक्षपोषणका साथ संरक्षण दिने, आफू काम नगर्ने तर अरूलाई आह्राउने जस्ता चिन्तनका मानिस सबै नै पुँजीवादी चिन्तनका दस्ता हुन् । पुँजीवादी समाजमा मानव श्रमलाई किनवेच गर्न सकिने साधनको रूपमा लिइएको हुन्छ । पुजी निर्माण प्रक्रिया र पुँजीवाद कसरी श्रमिकको श्रमको शोषण गरेर मौलाउँछ भन्ने कुराको ज्ञान हुनु पर्ने जरूरी छ । श्रमिकहरू अर्थात वीर्गय हिसावले काम गरेर हातमुख जोड्न पाउनेहरूको सामाजिक जीवन किनवेचको वस्तु सरह वेचविखन भइरहेको छ । जहाँ मानवता, दया, अधिकार सबै कुण्ठित भएका छन् । वाक स्वतन्त्रताको वर्खिलाप भएको वेलामा स्वतन्त्र समाजवादले आफ्नो वचाउ गर्न सकेको छैन । समाजवादको सिद्धान्तले हरेक नागरिकलाई स्वाभलम्बी अर्थात् आत्मनिर्भर भएर बाँच्न सिकाउने हो । समाजवादीको चाहना भनेको सर्वहारावर्गको मुक्तिको सिद्धान्त मात्र हो ।

जीवन र जगतको बारेमा बुझ्न, व्याख्या र परिवर्तन गर्न दर्शनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसकेपछि हाम्रा जीवनका धेरै जटलिताहरू, धेरै दुःख कष्टबाट जोगिनेछौं र धेरै गल्तीहरू हटेर जानेछन् । लगभग ७० वर्ष पहिले अक्टोवर १ को दिन चीनमा सामन्ती शाकको विरूद्ध माओले क्रान्तिको उदघोष गरेका थिए । हिम्मत साहसका साथ गरिएको क्रान्तिको विगुल वज्नु पनि वाध्यता थियो । वरिपरिका देशको अवस्थामा भएको सुधार र अरू देशको दाँजोमा आफ्नो देशको अवस्था निकै कमजोर र पछौटेपनमा गुज्रिरहेको थियो । सबै किसिमका सुविधा र विकास निर्माणका पूर्वाधारले अति नै पछि परिरहेको वेलामा क्रान्ति भन्दा अरू विकल्प पनि थिएन । कष्टपुर्ण तरिकाले गरिएको चिनियाँ जनवादी क्रान्तिले विश्वलाई नै चकित पारेको थियो । लङमार्चको अभियान र त्यसबेलाको वलिदानले जनताका बीच जन्मिएका गरिबी र पछौटेपन एकाएक हराएर विश्वमा निर्विकल्प प्रतिस्पर्धी मुलुकको रूपमा स्थापित भएको छ । सामन्तीको चपेटामा परेका र परम्परागत किसानको रूपमा काम गर्दै आएका गरिब मजदुर र कृषक वर्गको होस्टेहैंसेबाट क्रान्तिकारी परिवर्तनको सम्भव भएको चीनको इतिहास साक्षी छ । सन १९८० ताका अर्थात विक्रम संवत् ०३६/३७ तिर विश्वका अन्य अविकसीत मुलुकले पनि त्यसबेलाको क्रान्तिको अनुकरण गर्न लागेको उदाहरण पनि पाइन्छ । जस्तै अमेरीका-आर सिपी, पेरू-साइनिङपथ र समय र राजनीति अभिष्ठा प्राप्त हेतु गरिएका भारतीय माओवादी कम्युनिस्ट सेन्टर एसीससी लगाएत नेपालको जनआन्दोलनको स्वरूपमा आएको नेकपा माओवादी रहेका छन् । सन् १९५० ताका गरिएको क्रान्तिको ढाँचाले नेपालमा पनि जनआन्दोलन घरिघरि भई नै रहेको छ । क्रान्तिका स्वरूप फरक फरक तरिकाले चलेका भए पनि उद्देश्य भने सामन्ती शासक ढाल्ने र मजदुरको हकअधिकार र कृषकको उत्पादनको वजारको वैज्ञानिक व्यवस्थापन नै आन्दोलनको नतिजा मानिएको थियो । त्यसैले पनि चीनमा क्रान्ति सफल वनाउन सवै किसान र मजदुर लागेका थिए । चमत्कारी ढंगले परिवर्तन भएर चीनमा संसारको नै नयाँ रेकर्ड कायम भएको छ । केही सफलता हासिल गर्नासाथ राजनीतिक कर्मीले स्वर्थनिहीत कार्य गरेका भए शायद चीनको क्रान्ति पनि नेपालको जनआन्दोलनको नतिजा भन्दा कम हुन्न थियो होला । नेपालमा जब नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो तबबाट नै राजनीतिमा दाउपेचको मात्र खेल भएको छ । मन भित्रबाट नै परिवर्तनको लागि कसैले पनि जिम्मेवारपूर्वक कार्य गर्न चाहेको छैन भन्न सकिन्छ । विश्वको कम्युनिस्ट पार्टीको प्रगति र त्यसपछि जन्मिएको अहंतावादले पतन उम्मुख भइरहेको वेलामा नेपालमा पनि एक कार्लमाक्सको जन्म भएको थियो । जसले जनताको वहुदलिय जनवादको सिद्धान्तलाई परिवर्तनको संवाहक बनाउने सोच बनाएका थिए । यसको निचोड जनतावीच जान पनि नपाउँदै कोपिलामै चुँडेर फालिदिए । राजनीतिले समाज र सामाजिक परिवर्तन भन्दा पनि व्यक्तिगत र पारिवारिक भरपोषणको लागि नै समय व्यतित गरिरहेको छ । त्यसैले त संसार स्वार्थमा चलेको छ भन्ने सर्वसाधारणलाई लागेको छ । जनताको बहुदलीय जनवादको अवधारणाको प्रारूपले धेरै वर्ष अगाडिदेखि चलि आएको राजतन्त्रात्मक शाह शासनको अन्त्य भएको थियो । जनताले मत दिएर पनि बहुमत प्राप्त हुन्छ र वहुमतले निर्णय गरेमा शासन पद्धति पनि फेरिन सक्छ भन्ने उनै दक्षिण एसियामा जन्मेका कार्लमाक्सले जन्माएको सिद्धान्तले पुष्टि गरेको छ । किनकि, ०६३ सालमा संसदको बहुमतले राजतन्त्र फालेको हो । जबकि, जनआन्दोलनको बलबुताले भए दरबारमा हत्या हिंसा हुने थियो तर विना रक्तपात परिवर्तन भएकोले यो बहुमतको वल नै हो भन्ने इतिहासको बुझाइ हो ।

जनआन्दोलनका नाइकेले नै आन्दोलनको दौडानमा ज्यान गुमाउनेहरूको र उहाँहरूको आफन्तको जीवन गुजाराको जिम्मा लिनु पर्दछ । लिन्छु त भन्नुभएको छ तर स्पष्ट खाका नआउनाले कामको र कुराको मात्र आश्वासन हो भनी छुट्याउन गाह्रो परेको छ भनी सर्वसाधारणको गुनासो आउन थालेको छ । वाक स्वतन्त्रताको घाँटी निमोठ्न लागेको वेलामा जिम्मेवार नेताले दिएको यस्तो अभिव्यक्तिले देशमा सञ्चालित समाजवादी पार्टीबाट के आशा राख्न सकिएला भन्ने चिन्ताले छाएको छ । समय समयमा भएका आन्दोलनले आ-आफ्नै इतिहासका ढ्वाङ वजाएका छन् । राष्ट्रिय स्तरमा र सामाजिक मनोभावमा भने यसले खासै प्रभाव पार्न नसके पनि केही स्थानमा भने अहिलेसम्म पनि झस्काइरहेको पाइन्छ । कम्युनिस्ट पार्टीको स्थापनाकालदेखिकै चर्चा गर्ने हो भने प्रथम काण्डको रूपमा झापा काण्डलाई लिइने गरेको छ । विक्रम सम्बत २०२८ सालमा वर्ग शत्रु खत्तम अभियानको नाममा केही सामन्ती र कयौं सर्वसाधारण मान्छेका टाउका काटेर क्रान्तिको थालनी गरिएको थियो । तत्कालिन सरकारले त्यो वेलामा उच्च विचारधारा भएका यौद्धाहरू रामनाथ दाहाल, नेत्र घिमिरे, विरेन राजवंशी, कृष्ण कुइँकेल, रत्न कुमार वान्तवा, नारायण श्रेष्ठ जस्ता नेताहरूलाई झापा कारगारबाट इलाम कारागार लैजाने क्रममा कायरतापुर्वक मारेका थिए । जसलाई हामी अहिले सुखानी काण्ड भनी चिन्ने गरेका छौं । त्यतिवेला नै छिमेकी देश भारतको पश्चिमबंगाल राज्यको नक्सलवाडीमा कानू सल्यान र चारू मजुमदारको नेतृत्वमा भइरहेको कम्युनिस्ट आन्दोलन चलिरहेको थियो र त्यसैको प्रभावले नेपालमा पनि झापा काण्ड घटेको जानकार हरूको टिप्पणी रहेको छ । वि.सं. २०२९ साल फागुन २१ गते झापामा पञ्चायतको दमनको सिकार बनेर कैयौंको ज्यान गएको थियो । काण्डै काण्डको सिकार वन्न पुगेको नेपाली कम्युनिस्ट आन्दोलनले०३६ सालमा फेरि धनकुटामा अर्को काण्डको मार खेप्नु पर्‍यो । जहानियाँ शासनको विद्ध लागेका वीर यौद्धाहरूले धनकुटाको खाल्साक्षेत्रका खोकु, छिन्ताङ र आँखीसल्लाका सर्वसाधारणलाई तत्कालीन सरकारका भरौटेहरूको इसारामा १६ जनाको एक हप्ता लगाएर तडपाई तडपाई मारेको कुरा ताजै रहेको प्रत्यक्षदर्शीको भनाइले बुझ्न सकिन्छ । ०३६ साल कार्तिक २३ गते देखि २९ गतेसम्म लगाएर निर्ममतापूर्वक सर्वसाधारणको ज्यान लिएको घटनालाई नै हामी छिन्ताङ काण्डको रूपमा चिन्ने गर्दछौं । त्यसैगरी विक्रम संवत् ०४६ सालको जनआन्दोलमा पनि कत्तिले ज्यान गुमाए भने कतिको त अपांगताका साथ जीवन यापन गरीरहनु परेको छ । यो आन्दोलन भने संयुक्तरूपमा चलेको थियो । नेपाली कांग्रेस र वाममोर्चाको संयुक्त आन्दोलनले प्रजातन्त्रको पुनरस्थापना भएको थियो । हरेक १० वर्षको अन्तरालमा नेपालमा आन्दोलनको कुनै न कुनै रूपले वढेकै हुन्छ । यसलाई मध्यनजर राख्दा ०५२ सालबाट थालनी गरिएको विसाल जनआन्दोलनले देशमा धेरै र नसोचेको परिणाम आएको छ । करिब १७ हजार नागरिकले ज्यानको आहुती दिएको यस आन्दोलनपछि भने छर्लंग देखिने गरी सहिदको नामाकरण गर्न सकेको पाइँदैन । आफ्ना र नजिककालाई मात्र सहिदको सिफारिस गरिएको भए पनि वास्तविक आन्दोलनमा होमिएकाहरूको नाम खोजी हुन सकिरहेको छैन । यो आन्दोलन नै देशको लागि निर्णायक आन्दोलनको रूपमा नामाकरण गरिएको छ । राजतन्त्रको अन्त्य सँगसँगै जनताको छोराछोरीले उच्च स्थानमा जान पाउने अधिकार सहितको सुरक्षाको प्रत्याभुति गराइएको छ । तर, पनि बेपत्ता पारिएकाहरूको तथ्यांक उतार गरेर जनतासामु ल्याउन सकिएको पाइँदैन ।

जनआन्दोलन किन गरिन्छ र त्यसबाट प्राप्त अधिकार कसका लागि हुन भन्ने प्रश्न भने २००७ सालदेखि नै अनुत्तरित रहेको छ । पार्टी नै पिच्छेका सरकारका आफ्नै किसिमका दर्शनशास्त्रले न्यायका लागि आन्दोलन नभई अन्यायको लागि वलिदान भयो भन्नेको ठुलो गुनासो सुन्नमा आउने गरेको छ । सहिद भन्ने शब्द सस्तोमा बिक्री भएको भान पनि समय समयमा नभएको होइन । सहिद शब्दको परिभाषा गर्ने विद्वानको अभाव हो या यो शव्दको गलत व्याख्या गरिएको छ अझैपनि खोजिको विषय बनिरहेको छ । संविधान घोषणा संगसंगै चलेको मधेस आन्दोलनले पनि धेरैको ज्यान गएको छ । ०६३ साल माघ ५ गतेबाट थालनी भएको मधेस आन्दोलन १९ दिनसम्म लगातार चलेर देशमा नै हाहाकारको स्थिति सिर्जना भएको थियो । मधेसमा आगजनी र आक्रमणले गर्दा ६० जनाभन्दा वढीको अकालमा ज्यान गएको थियो । सराकारले सम्झौता गर्ने क्रममा ज्यान गुमाउनेहरूलाई सहिद घोषणा गरेको छ । आन्दोलनले पाएको उपलब्धि पनि राज्यको आँखामा बलिदान वा ज्यानको आहुतिलाई नै ठलो त्याग मान्ने गरेको छ ।

सहिद घोषणा सँगसँगै सहिद र सहिद परिवार प्रति सरकारको दायित्व पुगेको छ छैन भन्ने सवाल महत्वपूर्ण बनेको छ । ल यति खाऊ, यो लैजाऊ भनेर भिख माग्नेलाई भिक्षा दिएर पन्छाए जस्तो सहिद परिवारलाई गरिने व्यावहार भएको त छैन भन्ने सवाल उठेको छ । हिजोका दिनमा त राजा र राजतन्त्रवादीको बिगबिगीले सहिदको अपमान गरेको छ भन्दै कुर्लिनेहरूको आज सत्तामा बागडोर रहेको छ । यतिवेला पनि सहिदहरूप्रति गरिने व्यवहार केवल सहिद सप्ताह मनाएर झारो टार्ने कामले सुख नपाउनुपर्ने हो । सहिदको आँकडा र सहिद परिवारको आँकडा उतार्ने हो भने ७७ जिल्लामा रहेका प्रशासन प्रमुखहरूको संख्याभन्दा अधिक नै रहेका छन् । उनीहरूको मातहतमा दैनिकी गुजार्नुपर्नेको संख्या लगभग एक जिल्लाको जनसंख्या बराबर रहन सक्छ । यस्तो अवस्थामा पनि सरकारले सहिद संरक्षण र सम्मान खातिर एक छुट्टै मन्त्रालय गठन गर्न किन आनाकानी गरिरहेको छ त ? यो सवाल अब नागरिक समाजले उठाउन थालेको छ । साँच्चै नै सरकारले सहिद सप्ताह मनाउनुभन्दा पनि सहिद सम्मान भनेर सहिदका परिवारलाई राहतस्वरूप शिक्षा, स्वास्थ्य, पेसा व्यावसाय, गाँस वास र कपासजस्ता आधारभूत आवश्यकतालाई प्राथमिकता दिन सके सहिदप्रति सच्चा सम्मान रहने थियो ।

# थर्ड ह्यान्ड स्मोकिङले निकोटिन र विषाक्त पदार्थ ओसार्छ



हरि लम्साल

धुम्रपानले सेवनकर्तालाई मात्रै असर गर्दैन, नजिकै बस्ने अन्य व्यक्तिलाई 'निष्क्रिय धुम्रपान' अर्थात् 'सेकेन्ड ह्यान्ड स्मोक' को माध्यमले हानी पुर्‍याइरहेको हुन्छ । धुम्रपानले प्रत्यक्ष सेवनकर्ता र नजिकै बसेका व्यक्तिलाई मात्रै नभई अन्य व्यक्तिलाई समेत 'थर्ड ह्यान्ड स्मोक' का रूपमा जोखिम हुने एक अध्ययनले देखाएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार धुम्रपानको धुवाँमा करिब ७ हजारभन्दा बढी रसायन हुन्छन् । जसमध्ये न्यूनतम २ सय ५० हानिकारक छन् भने ६९ वटा क्यान्सर उत्पन्न गराउने खालका छन् । सूर्तीजन्य पदार्थको धुवाँले फर्निचर, घर, कार्पेट, छत, पर्खाल, टायल, खेलौना, लुगाफाटालगायत जुनसुकै सतहमा टाँस्सिने निकोटिनलगायत अन्य रसायन र विषाक्त पदार्थको सम्पर्कमा आउनुलाई थर्ड ह्यान्ड स्मोकिङ भनिन्छ । थर्ड ह्यान्ड स्मोक धुम्रपानको अवशेष हो । अझ यो प्रक्रियालाई राम्ररी केलाउने हो भने थर्ड ह्यान्ड स्मोकिङ 'निकोटिन' को त्यस्तो अवशेष हो, जो विभिन्न सतहमा टाँस्सिएर रहन्छ । यो प्रदूषण धुलोको माध्यमले पुनः हावामा फैलिएपछि व्यक्तिले आफ्नो श्वास-प्रश्वासको माध्यमबाट फोक्सोभित्र तान्छ र यसले मानिसलाई असर गर्छ । धुम्रपान गर्ने व्यक्तिको घरलाई सफा गर्दासमेत त्यहाँ भएको धेरैजसो थर्ड ह्यान्ड स्मोक बसिरहेको हुन्छ । यसको अवशेष वर्षौंसम्म रहन सक्छ । अमेरिकन लर्ड एसोसिएसनका अनुसार थर्ड ह्यान्ड स्मोकको माध्यमले विभिन्न सतह र धुलोमा टाँस्सिएका रशायन ग्याँसको अवस्थामा पुनः निस्किन सक्छन् । पुनः निस्किएपछि यसले वातावरणमा भएको अन्य रसायनसँग प्रतिक्रिया गरेर नयाँ रसायन बनाउन सक्छ । सूर्ती बल्दा यसबाट बाफको रूपमा निस्किने निकोटिनलगायतका अन्य रशायन, विषाक्त पदार्थ घरको पर्खाल, कार्पेट, फर्निचर, लुगाफाटालगायतका विभिन्न तहमा टाँसिन्छ । विभिन्न चिजमा टाँस्सिएको धुम्रपानको धुवाँ रशायनिक प्रतिक्रिया भई समयसँगै झन् बढी खतरनाक हुन्छ । यसले क्यान्सरलगायत विभिन्न रोग उत्पन्न गर्न सक्छ । कोठाको झ्याल-ढोका खोलेर, पंखा वा एयर कन्डिसनरलगायतका वस्तु चलाएर, घरको सीमित ठाउँमा मात्र चुरोट तानेर पनि थर्ड ह्यान्ड स्मोकबाट मुक्ति पाइँदैन । खुला झ्यालको अगाडि उभिएर धुम्रपान गर्नुले पनि यसको असरबाट बच्न सकिन्नँ ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका सिनियर कन्सलटेन्ट चेस्ट फिजिसियन डा.नवीनप्रकाश शाहले भने- 'यो थर्ड ह्यान्ड स्मोकले विभिन्न जटिल स्वास्थ्य समस्यासँगै क्यान्सरसमेत उत्पन्न गर्नसक्छ । हाल सेकेन्ड ह्यान्ड स्मोकको दुष्प्रभावबारे मुलुकमा केही चेतना देखिए पनि सर्वसाधारणलाई थर्ड ह्यान्ड स्मोकको खतराबारे थाहा नै छैन भने पनि हुन्छ । सेकेन्ड ह्यान्ड स्मोकिङ कुनै व्यक्तिले चुरोट खाइरहँदासम्म मात्र हुने भए पनि थर्ड ह्यान्ड स्मोकिङको प्रक्रिया भने महिनौं वा वर्षौंसमम जारी रहन सक्छ । धुम्रपानका अम्मलीहरूका कारण धेरै मानिसमा क्यान्सरलगायतका विभिन्न स्वास्थ्य जटिलताको रूपमा नखाएको विष लाग्दै छ । यसैले धुम्रपान गर्दाताका सँगै बस्नुमात्रै खतरनाक नभई उनीहरूले चुरोट खाने स्थानमा रहँदासमेत जोखिम हुने कुरा बिर्सनु हुन्न । थर्ड ह्यान्ड स्मोकले फष्ट ह्यान्ड स्मोकजस्तै ज्यान लिन्छ । थर्ड ह्यान्ड स्मोकको नकारात्मक प्रभाव शरीरको विकास भइरहेका बालबालिका र युवामा बढी पर्ने गरेको छ । यसले फोक्सोको क्यान्सर हुने बढी जोखिम भए पनि यसले पिसाबको थैलो, पाठेघरको मुख, मृगौला, मुख, प्यांक्रियाज (पचाउने थैली), घाँटीलगायतका अन्य अंगको क्यान्सरसमेत हुने जोखिम हुन्छ । थर्ड ह्यान्ड स्मोकले धेरै रोग एवं संक्रमण गराउन सक्छ । यसको धेरै असर फोक्सो र कलेजोमा पर्छ ।' विशेषज्ञका अनुसार थर्ड ह्यान्ड स्मोकिङले होटल, कारलगायतका बाहन वा लामो समयसम्म धुम्रपान गर्ने व्यक्तिलाई बढी प्रभावित पार्ने र बामे सर्ने बच्चा, शिशु र बालबालिकालाई अन्य व्यक्तिको दाँजोमा बढी प्रभावित पार्छ । सधैँ हरेक चिज-वस्तुलाई छोइराख्ने र मुखमा हालिराख्ने भएकाले उनीहरूले अन्य व्यक्तिको दाँजोमा यस्ता हानिकारक पदार्थ बढी मात्रामा निल्ने गर्छन् । थर्ड ह्यान्ड स्मोकद्वारा उत्सर्जित रसायनलगायतका विषाक्त पदार्थ गर्भवतीको सम्पर्कमा आउँदा रगत प्रवाहको माध्यमले भ्रुणमा समेत असर पुग्न सक्छ । स्वस्थ सन्तान जन्माउन गर्भावस्थामा सक्रियमात्र नभई निष्क्रिय धुम्रपानको कुनै पनि जोखिमबाट बच्नुपर्दछ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार सूर्तीजन्य पदार्थ सेवनकर्तामध्ये आधाको मृत्युको कारक हो । वर्षेनी करिब ८० लाखभन्दा बढी व्यक्तिको मृत्यु धुम्रपानबाट हुने गरेको छ । जसमध्ये ७० लाखभन्दा बढी मृत्यु प्रत्यक्ष धुम्रपानले हुन्छ भने धुम्रपान नगर्ने करिब १२ लाखजति मृत्यु निष्क्रिय धुम्रपानको सम्पर्कमा आएर हुन्छ । अमेरिकास्थित फुड एन्ड ड्रग एडमिनिस्ट्रेसनका अनुसार सेकेन्ड र थर्ड ह्यान्ड स्मोकले मानिसमात्र नभई कुकुर-बिरालोलगायत घरपालुवा जनावरसमेत बिरामी पर्न सक्छन् ।

कार्पेट, फर्स, सतह आदिमा टाँस्सिएर बसेको धुम्रपानको अवशेषमा घरपालुवा जनावरले बढी समय व्यतित गर्ने, जीऊ दल्ने, चाट्ने आदि गर्ने हुनाले बढी प्रभावित हुने गरेका छन् । एफडिएका अनुसार सूर्तीजन्य पदार्थको धुवाँले घरपालुवा चराहरू, गिनी पिग (मुसा) मात्र नभई एक्वारियममा पालिएका माछालाई समेत खतरामा पार्न सक्छ ।

# परियोजनाको पर्याप्त तयारी नपुग्दा समस्या जन्मिए



राष्ट्रिय योजना आयोग १५औँ राष्ट्रिय योजनाको आधारपत्रलाई पूर्णता दिई कार्यान्वयनमा ल्याउने अन्तिम तयारीमा छ । योजना निर्माणको प्रमुख संयन्त्रका रूपमा रहेको आयोगले सरकारले अगाडि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली'को सङ्कल्प पूरा गर्ने गरी केही गेमचेञ्जर परियोजनासमेत अगाडि बढाउने तयारी गरिरहेको छ । आइतबार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक पनि बोलाइएको छ । आयोगले गरिरहेका काम तथा भावी योजनाका बारेमा राष्ट्रिय समाचार समिति (रासस)का **रमेश लम्साल** र **अशोक घिमिरे**ले आयोगका **उपाध्यक्ष डा. पुष्पराज काडेल**सँग गरेको अन्तरवार्ताको सम्पादित अंशः

## डा. पुष्पराज कँडेल, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

**राष्ट्रिय गौरवका आयोजनाको प्रगति र अवस्था नाजुक देखिन्छ, यसलाई सुधार्न राष्ट्रिय योजना आयोगले के गरिरहेको छ ?**

मुख्य गरेर हामीले ती आयोजनाको अनुगमन गर्ने हो । देखेको समस्या सम्बन्धित मन्त्रालय तथा प्रधानमन्त्री समक्ष, मन्त्री तथा उच्चपदस्थ कर्मचारीसम्म पुऱ्याइदिने र यदि समस्या छन् भने सहजीकरण गर्ने र सुझाब दिँदै आएका छौँ । यसबीचमा मैले माथिल्लो तामाकोशी जलविद्युत् योजना र मेलम्ची खानेपानी आयोजनाको अनुगमन गरेँ । हाम्रो परियोजना तयारी तथा कार्यान्वयनका क्रममा आउनसक्ने समस्यासँग त्यति धेरै सचेत हुँदा रहेनछौँ । भावना र कल्पनामा बग्ने र योजना पनि त्यहीअनुसार बन्ने गरेको देखिन्छ ।

**निर्धारित समयमै परियोजना सम्पन्न गर्न के गर्नुभयो ?**

आयोगले गौरवका योजनालाई तोकिएको समयभित्रै सम्पन्न गर्न आवश्यक स्रोतको विन्याश गरेको छ । आयोजनाको प्राथमिकता हेरेर स्रोत छुट्याइएको छ । सम्बन्धित मन्त्रालयसँगको सल्लाहका आधारमा पर्याप्त स्रोत व्यवस्था गरिदिने गरेका छौँ । त्यसका लागि आवश्यक सहजीकरण पनि गर्दै आएका छौँ । नीतिगत राय सुझाब माग भएमा दिँदै आएका छौँ । आयोजनाको अनुगमन मूल्यांकनमा जान्छौँ । अनुगमनका क्रममा देखेको यथार्थलाई सिफारिस गर्छौं । आयोगले मुख्यतः नीति निर्माण, अनुगमन, समन्वय र सहजीकरण गर्ने काम गरिरहेको छ ।

**परियोजना कार्यान्वयनको सुरूआती चरणमै समस्या नआओस् भनेर आयोगले 'प्रोजेक्ट बैंक'को अवधारणा ल्याएको छ । अब आगामी दिनमा ती समस्या दोहोरिँदैनन् ?**

विगतमा कुनै तयारी बिना आयोजनालाई बजेटमा राख्ने प्रचलन थियो । ती परियोजना कार्यान्वनमा लैजाँदा आवश्यक जमिन प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन, ठेक्काको तयारी, मुआब्जा वितरण, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) लगायत आधारभूत विषय पूरा भइसकेपछि परियोजना कार्यान्वयनमा लैजान पाए मात्र तीव्र गतिमा काम हुन्छ । आज परियोजना कार्यान्वयनमा लग्यो, बजेटमा हाल्यो, अर्को आर्थिक वर्षदेखि तुरून्तै सुरु हुन पाउने अवस्था सिर्जना हुन्छ । यस्तै, कुनै अध्ययन नगरी सधैँ हचुवाका आधारमा योजना हाल्ने गरी जानु हुँदैन, पूरा तयारी गरेर जानुपर्छ भनेर विभिन्न परियोजना अध्ययन गर्ने, तुलनात्मक लाभका आधार तथा आफूसँग भएको साधन र स्रोतका आधारमा परियोजनालाई कार्यान्वयनमा लैजानुपर्छ भनेर परियोजनाको सूची तयार बनाउने काम गरेका हौँ ।

**निर्धारित लक्ष्य पहिल्याउने भन्दै यहाँले 'प्रोजेक्ट बैंक'लाई पनि प्राथमिकता दिइरहनुभएको छ, त्यसलाई आम नागरिकले कसरी बुझ्ने ?**

संघीयतामा गइसकेपछि साधन र स्रोतको एकतिहाश रकम प्रदेश र स्थानीय तहमा जान्छ । बाँकी रहेको रकममध्ये नियमित रूपमा भुक्तानी गर्नुपर्ने, तलब भत्ता, अन्तर्राष्ट्रिय ऋण पुनः निर्माणलगायत विषयलाई पनि हेर्नुपर्छ । अनेकन खर्च कटाएर बाँकी रहेको रकम पूँजीगत खर्च हो । हामीसँग तीन वर्षभित्र सम्पन्न गरी धमाधम पैसा दिऔँ भन्ने खालको स्रोत छैन । फुकीफुकी दिनुपर्ने समस्या पनि छ । दिइएको रकम पनि खर्च गर्न नसक्ने अवस्था छ । साधन र स्रोत कमी भएकाले गर्दा पर्याप्त रूपमा खर्च गर्ने र जान सक्ने अवस्था छैन । विगतमा सुरु भएका परियोजना पाँच वर्षभित्र सकिने खालका परियोजना सम्पन्न गर्नेतर्फ हाम्रो जोड छ । नयाँ भन्दा पूराना सकौँ भन्नेतर्फ हामी बढी केन्द्रित भएका छौँ । यत्तिकै छाड्ने अवस्था छैन । साधन र स्रोत खर्च भएको छ । नयाँमा नजाने भनेको त होइन । नयाँमा हामीले रूपान्तरणकारी योजना पनि अगाडि सारेका छौँ । छलफल जारी छ । 'गेमचेन्जर' योजना अगाडि बढाएको छौँ, १५ औँ योजनाभित्र सम्पन्न गर्ने खालका पनि छन् । केही महत्वपूर्ण परियोजना हुन सक्छन् भनेर बहसमा छ । 'फाइनल' गरिसकेका छैनौँ । हाम्रा सम्भावित योजना यी हुन् भनेर हामी तयारीमा छौँ ।

**त्यसमा विशेष गरी कुन-कुन विषयलाई जोड दिइएको छ ?**

त्यसमा सबै क्षेत्र छन् । भौतिक पूर्वाधार, ऊर्जा क्षेत्र पनि छ । सहरी विकास, वनलाई उतपादनमूलक बनाउने, कृषिमा फड्को मार्ने, सामाजिक क्षेत्रमा सुधारलगायत विषय पनि छन् । विभिन्न क्षेत्र र प्रदेशलाई केन्द्रित गर्न खोजेका छौँ ।

**विकास समस्या समाधान समितिको बैठक बस्छ, समस्या समाधानको पहल पनि भएको छ, तर फेरि पनि उस्तैउस्तै खालका समस्या देखिने प्रवृत्ति दोहोरिएको छ, यसलाई कसरी हेर्नुभएको छ ?**

विकास समस्या समाधान समितिको बैठकमा केही प्राविधिक समस्या पनि आउँछ । प्रधानमन्त्रीको उपस्थितिमा भयो भने सहजता हुन्छ भनेर पनि आउँछ । समन्वयसम्बन्धी समस्या समाधान हुन्छ । कतिपय अवस्थामा समस्या छ भनेर आउँदैन । तर, खर्च कति भयो त भन्दा २०, ३० प्रतिशत भयो भनेर आउँछ । के हो यस्तो भनेर भनिराखेको छु । समितिलाई कसरी रचनात्मक बनाउन सकिन्छ भनेर पनि चिन्तन गरिरहेका छौँ । कार्यान्वयको पाटोलाई पनि जोड दिएर जानुपर्ने छ । लक्ष्यमा के आयोभन्दा पनि 'स्पिरिट'मा के भयो भनेर पनि हेर्नुपर्ने भएको छ । कार्यान्वयन गर्ने निकायलाई पनि दबाब दिएर जानुपर्छ भन्ने भएको छ । हामी १५औँ योजनामा केन्द्रित भएकाले पनि अनुगमनमा ध्यान दिन पाएका छैनौँ ।

**विशेषगरी हामीले जोड दिन खोजेको ठूला परियोजनामा हो, यसलाई कसरी लिनुभएको छ ?**

म त्यसैमा आउँदैछु । परियोजना तयारी नै नभइकन दिएको छ । बजेट विनियोजन भइसक्यो, योजना तयार छैन । बजेट बनाउने बेलामा पनि समस्या हुँदोरहेछ, धेरै खर्च गर्छु भन्ने तर कार्यान्वयन नहुने । बजेट बनाउने समयमा अर्थ मन्त्रालयल, योजना आयोगले काट्छ, त्यसकारण धेरै हालेर पठाइदिउँ भन्ने पनि रहेछ । त्यहीअनुसार बजेट पास हुने अवस्था छ । अनुगमन मूल्यांकनको पाटो पनि उस्तै छ । मन्त्रालयका समस्या पनि उस्तै छ, अनुगमन मूल्यांकन छैन । 'स्टिमेट'मा नै कमजोरी भएको देखिन्छ । ठेकेदारको आफ्नै खालको समस्या छ । खरिद ऐनमा नै समस्या छ । न्यूनतम् 'बिडिङ'मा जाने, सञ्चालन खर्च (मोबिलाइजेसन) रकम दिने पनि छ । मोबिलाइजेसन रकम लिएर 'टाप' कस्ने अवस्था पनि छ । ठेकेदारले समयमा काम नगरिदिने । ठेकेदारमाथि अनुगमन नहुने, कारवाही नहुने अवस्था पनि छ । जे गरे पनि हुने, जति लिए पनि हुने अवस्था छ । समस्यै समस्याका चाङ छन् । अन्तिमममा गएर देखिने भनेको खर्च कम हुने हो । यो सबैलाई सुधार गर्ने क्रममा छौँ । हामीले आश गरेअनुसार खर्च त भइराखेको छैन । सार्वजनिक खरिद ऐनमा सुधार गर्ने, ठेकेदारलाई पनि कडाइ गरेर जाने, प्रोजेक्ट बैंकमा हालेर तयार भएपछि मात्रै बजेटमा हाल्ने, अनुगमन मूल्यांकनलाई पनि कडा गर्ने, सरकारी संयन्त्रलाई कडाइ गर्ने, उत्प्रेरित पनि गर्ने जस्ता समग्र पाटोतिर नै हामीले ध्यान दिएका छौँ ।

**सरकारले घोषणा गरेका राष्ट्रिय गौरवका आयोजनामध्ये एकाधको मात्रै अवस्था राम्रो रहेको भए पनि अधिकांशको अवस्था राम्रो छैन, सरकारी निकाय वा निर्माण व्यवसायीका कारण पनि थप समस्या र जटिलता देखियो भन्न खोज्नुभएको हो, यहाँले ?**

पूरै जिम्मेवारी पूरा गरेनन् त म भन्दिन । विशेष गरी भेरी-बबई डाइभर्सन आयोजना, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र माथिल्लो तामाकोशी जस्ता आयोजनामा काम भएको छ । जिम्मेवारी पूरा गरेका छन् । तर, हाम्रो योजना बनाउने क्रममा नै बिग्रिएको छ । भेरी-बबईको कुरा गर्नुहुन्छ भने हामी सुरुङ खन्नेतर्फ लाग्यौँ, तर बाँध र विद्युत्गृह बनाउनेतर्फ लागेनौँ । सुङ खनेर भ्याएर मात्रै बाँध र विद्युत्गृह बनाउन लाग्यौ । राम्रै काम भएको परियोजनामा पर्छ । गौतमबुद्ध विमानस्थलमा राम्रो काम भएको त देखिन्छ, तर तोकिएको समयका पूरा भएन, फेरि पनि म्याद थप भएको छ । तै पनि राम्रै काम भएको छ । पोखरा काम भएकै योजना हो ।

काम नभएको पश्चिम सेती छ । काम नभएको निगगढ हो । सर्वोच्चमा मुद्दा परेको छ । केही ढिलो भएको छ, तर रोकिएको भने होइन, बूढीगण्डकीको मुआब्जाको कुरा छ । पहिले बढी हल्ला गऱ्यौँ । नेपालीको अपेक्षा भने सरकारी भनेपछि बढी लिऔँ भन्ने हुन्छ । मुआब्जा घोषणा त भयो । त्यसमा असन्तुष्टि जनाए । पुनरावलोकन समिति पनि बनेको छ । स्थानीयवासीले मुआब्जा लिनका लागि दर्ता पनि भइराखेको छ । प्रक्रिया अगाडि बढेको छ । रू १३ अर्ब जति मुआब्जाका लागि विनियोजन भएको छ । नौ/१० अर्ब वितरण पनि होला । अर्को सालबाट कार्यान्वयनमा लैजान सकिन्छ । निजगढको विषयमा सर्वोच्चले निर्णय गर्ला । केहीको आयोजना बनाउनु नै हुन्न भन्ने छ, तर संघीय सरकार र प्रदेश नं २ को सरकार भने राख्नुपर्छ भन्नेमा नै छ । हामी त्यसलाई अगाडि लैजानुपर्छ भन्नेमा नै छौ । काम गर्ने प्रयास भइरहेको छ, भई पनि राखेको छ । तर, लक्ष्यअनुसार भएको छैन ।

**तपाईं आयोगको उपाध्यक्ष भएको दुई वर्षको अवधिमा हेर्दा हाम्रो विकास निर्माणले गति लिन नसक्नुका पछाडि प्रवृत्तिगत समस्या हो, कि नीतिगत हो कि, इच्छाशक्तिमा नै समस्या हो कि वा समस्या कहाँ रहेछ भन्ने देख्नुभयो, थप प्रस्ट पारिदिनुस् न ?**

म धेरै प्रवृत्तिगत समस्या देख्छु । इच्छा शक्तिमा समस्या देख्दिन । राजनीतिक तहमा छिटो सकौँ भन्ने हुटहुटी छ । नीतिगत समस्या पनि त्यत्ति धेरै छैन । प्रक्रियागत समस्या भने छन् । कार्यान्वयन गर्ने विधि प्रक्रिया छन् नि त्यसमा छ । त्यहीँ कमजोरी भएकाले नै त्यसमा खेल्ने न हो खेल्न चाहनेले । समग्रमा भन्दा हाम्रो राज्यको क्षमता नै कमजोर रहेछ कि क्या हो भन्नेमा म छु । समग्रमा सरकारी, राजनीतिक, कर्मचारी एवं निजी तहको अवस्था छ । गर्न पर्ने काम धेरै छ । स्थानीय तहको समेत गरेर त सात खर्ब जति पूँजीगत खर्च गर्छौं । त्यो पूँजीगत खर्चमा समस्या देखिएको छ । सरकारसँग भएको नेसनल कन्ट्रक्सन कम्पनी नेपाल लिमिटेड (एनसिसिएन) पनि मासिइ नै सक्यौँ । सबै निजी क्षेत्रमा जानुपर्छ । कि उपभोक्ता समिति, कि निजी क्षेत्रभन्दा अर्को विकल्प छैन । उपभोक्ता समितिको पनि त्यत्ति राम्रो सन्देश छैन । त्यो पनि भ्रष्टाचारको केन्द्र भएको छ भन्ने छ । निजी क्षेत्रबाट जानुपर्छ । निजी क्षेत्रका ठेकेदार प्रविधि, निर्माण उपकरण भएका छन् त भन्दा छैन । रहनेछ, देखिएन । संयुक्त उपक्रम (जेभी) गर्ने भनेर विदेशी पनि आउँछन् । नाम राख्ने काम यताका ले नै गर्ने रहेछन् । तर पनि प्राविधिक समस्या रहेछन् भन्ने मैले महसुस गरेको छु । त्यसलाई सुधार गरेर जानुपर्छ ।

**त्यसलाई कसरी सुधार गर्न सकिएला त ?**

त्यसलाई नियमनका माध्यमबाट सुधार गर्नुपर्छ । दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ । उत्प्रेरणा जगाउनुपर्छ । राम्रो काम गर्नेलाई पुरस्कार पनि दिने, गलत गर्नेलाई दण्ड पनि दिने व्यवस्था गर्नुपर्छ । त्यो राजनीतिक तह, कर्मचारीतन्त्र एवं निजी क्षेत्रमा नै किन नहोस्, पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्छ । सार्वजनिक क्षेत्र नै बलियो र प्रतिबद्ध भएर जानुपर्छ । निजी क्षेत्र त नाफाका लागि आएको हो । उसको धर्म नै नाफा गर्ने हो । पाएको ठाउँमा उसले नाफा गर्छ । राजनीतिक क्षेत्र र राष्ट्र सेवक सेवाका लागि आएका हुन् । त्यसकारण यी दुईवटा क्षेत्र बढी व्यवस्थित भएर जानुपर्छ । राष्ट्र सेवकलाई कताकता 'इन्सेन्टिभ' नपुगेको हो कि ? अरू देशको तुलनामा त कमजोर नै छ । सार्क क्षेत्रमा पनि पारिश्रमिक तह कम नै छ । समग्रमा कर्मचारीतन्त्र यत्रो चाहिन्छ कि चाहिँदैन भन्ने पनि छ । यत्रो कर्मचारी राख्दा हाम्रो स्रोतले धान्छ कि धान्दैन भन्ने छ । योभन्दा बढी बढाउन पनि मिल्दैन वा सक्दैन । यसलाई 'राइट साइज' गरेर इन्सेन्टिभ बढाउने तर्फ लाग्नुपर्छ । आआफ्ना तहका सरकार पनि छन् । खर्च त्यसै बढेर गएको छ । समग्रमा हेर्दा काम गर्ने निकाय भनेको अगाडि बढाउने कर्मचारी तह नै । वास्तविक कार्यान्वयनमा लैजाने भौतिक पूर्वाधार बनाउने निजी क्षेत्र नै हो । यी दुवैलाई मिलाएर जानुपर्छ ।

**त्यसो हुँदा विश्वका विभिन्न संस्था वा निकायबाट प्राप्त हुने अनुदान तथा राहत एवं अन्य सहयोग त कटौती हुने अवस्था रहन्छ भन्ने गुनासो पनि उत्तिकै आएको छ ? यसलाई कसरी लिनुहुन्छ ?**

हो, त्यस्तो आलोचना सुनिएको छ । ४७ अल्पविकसित देशबाट माथि गएका छन् । सार्क क्षेत्रबाट पनि भूटान, बंगलादेश, श्रीलंकामाथि गएको छ । अब हामी मात्रै यहाँ बस्ने अवस्था छैन । हाम्रो आर्थिक वृद्धिदर पनि पछिल्लो तीन वर्षमा झनै राम्रो रहेको छ । अहिले पनि राम्रै आर्थिक वृद्धि हुन्छ । त्यो हिसाबले पनि हो । सधैँ तल बस्ने भन्ने कुरा पनि भएन । कतिपय कुरामा घाटा पनि हुन्छ । अन्तर्राष्ट्रिय सुविधा, विदेशी अनुदान, भन्सार सुविधाका विषय छन् । भन्सार सुविधाका लागि हाम्रो तत्कालका लागि निर्यातमूलक उद्योग रहेको छैन । अनुदानको सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा नै घट्दो क्रममा छ । सबै देशको घटेको छ । द्विपक्षीय अनुदानमा मात्रै त्यसले समस्या पार्छ भन्ने छ, तर बहुपक्षीयरूपमा भने त्यसले कुनै समस्या पार्दैन । विश्व बैंक र एशियाली विकास बैंकका आफ्नै रणनीति हुन्छन् ।

विकासशील मुलुकमा स्तरोन्नति भएपछि हाम्रो सकारात्मक सन्देश भने नेपाल जोखिमपूर्ण अवस्थाबाट माथि गयो भन्ने हुन्छ । अन्तर्राष्ट्रिय लगानीका लागि थप सहज बन्छ । हामी पनि विकासशील देश भइसकेका छौँ भन्ने हुन्छ । आफ्नो काम आफैँले गर्नुपर्छ भन्ने भावनाको विकास हुन्छ । सधैँ मागेर देशको विकास हुँदैन भन्ने हुन्छ ।

आफ्नै पैसा प्रयोग भएपछि पैसा चलाउनेमाथि अलिक बढी दृष्टि दिने कुरा होला । अहिले त कस्तो छ भने दुनियाँलाई कहाँबाट पैसा आएको छ भन्ने पनि थाहा छैन । राज्यले गरेका हरेक काममा के गरिरहेको छ । आफूले तिरेको राजस्व कहाँ खर्च भइरहेको छ भन्ने पनि आम जनतामा चासो रहन्छ । दबाबमा परेकाले काम पनि बढी हुन्छ । त्यसकारण यसका सकारात्मक नकारात्मक सबै पाटो हुन्छन् । हामी आशावादी भएर जाने हो ।

संयुक्त राष्ट्र संघले नै स्वीकृति दिएन भने अर्को कुरा भयो, तर हामी सन् २०२२ मा विकसित हुने अवस्थामा जाने हो । माथि उक्लेपछि आउने समस्याका बारेमा अहिल्यै तयार भएर बस्ने भनेर हामी लागेका छौँ ।

**नयाँ आर्थिक वर्षको बजेट निर्माणका क्रममा छ, योजना आयोग के गर्दै छ ?**

आयोगले यति बजेट बनाऊ भनेर मन्त्रालयलाई 'सिलिङ' दिन्छ । मन्त्रालयलाई सिलिङमा रहेर काम गर है भन्छ । दोस्रो काम प्रोजेक्ट बैंक बनाउने काम जारी छ । अर्को मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने कानुनी बाध्यता छ । अहिले हामी यो तीनवटैमा काम गरिरहेका छौँ । समग्रमा बजेटको नीतिगत सल्लाह दिनुपर्छ । बजेट बनाउने जिम्मेवारी मूलतः अर्थ मन्त्रालयको हो । नीति तथा कार्यक्रम बनाउने जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको हो । हामीले आवश्यक सुझाब तथा निर्देशन दिन्छौँ ।

**अहिले पनि करिब ४० लाख युवा विदेशमा छन् । रोजगारी खोज्दै गएका छन्, ती युवालाई फर्काउन नीतिगत र योजनागतरूपमा आयोगको भूमिका के छ ?**

यसलाई द्वन्द्वात्मकरूपमा हेर्नुपर्छ । विदेशिएका सबै युवालाई देशमा राख्नुपर्ने दायित्व त हो । त्यसमा हामीले सोच्नुपर्ने के देख्छु भने अहिले हामीले क्रान्तिकारी भएर ठ्याक्कै रोक्ने भन्ने होइन । पोहोर आयात बढी भयो भन्नेमा कोकोहोलो थियो । त्यो बेलामा राजस्व मनग्य उठेको थियो । यो साल आयात घट्यो निर्यात बढ्यो भनेर सन्तोष गरिराखेका छौँ तर राजस्व घटिरहेको छ । यो सबै जोडिएको विप्रेषणमा हो । त्यस कारणले एकैपटक विप्रेषण घट्ने स्थिति बनायौँ भने अब हामी फेरि आर्थिकरूपले सबल हुन गाह्रो हुन्छ । त्यसकारण क्रमशः देशभित्र वातावरण निर्माण गर्दै उद्यमशीलताको विकास गरी प्रोत्साहित गर्ने गर्नुपर्छ । हामीले काम गरिरहेका छौँ । क्रमशः विदेसिनेको संख्या घटाउँदै जानुपर्छ ।

सौर्य दैनिक
# आर्थिक



*राजधानीका गिफ्ट पसलमा (फेब्रुअरी १४) प्रेम दिवसको लागि आइतबार उपहार हेर्दै दुई युवती । यो दिनका लागि करिब एक करोडमाथिको गुलाफका फूलको बिक्री हुने गरेको छ*

*तनहुँको भानु नगरपालिका-६ र ७ जोड्ने गरी चुँदीखोलामा निर्माण हुँदै गरेको पुलमा कार्यरत मजदुर । वि.सं ०७५ वैशाख २८ गते निर्माण भइसक्नुपर्ने पुल ठेकेदारको लापरवाहीले समयमै सम्पन्न हुन नसकेपछि स्थानीयवासीको दबाबमा पुलको ढलान आइतबारदेखि सुरु गरिएको हो*



# बिर्तामोडका कृषक प्रांगारिक खेतीमा



■ **सुरेन्द्र भण्डारी**

सुरुंगा । सिंगो नगरलाई नै विषादी मुक्त बनाउने अभियान बिर्तामोड नगरपालिकाले सुरु गरेसँगै यहाँका कृषक प्रांगारिक खेतीतर्फ आकर्षित भएका छन् । अहिले नगरपालिकाको सहयोगमा 'एक समूह, एक उत्पादन' कार्यक्रमअन्तर्गत विभिन्न ठाउँमा व्यावसायिकरूपमा सामूहिक खेती सुरु गरिएको छ ।

तोरी, आलु, फापर, राजमा र सूर्यमुखी फूलको खेती कृषकले अहिले व्यावसायिक रूपमा गरिरहेका छन् । उनीहरूले गरेको सामूहिक खेती पूर्णरूपमा प्रांगारिक भएको नगरपालिकाका कृषि शाखाप्रमुख राजेन्द्र कडरियाले बताए । उनले भने, 'व्यावसायिक रूपमा सामूहिक खेती गर्दा थोरै लागतमा पनि धेरै उत्पादन गर्न सकिने अपेक्षा छ ।' अहिले बिर्तामोडका हाम्रो कृषक र बद्रीवाडी कृषक समूहले पाँच/पाँच बिघा क्षेत्रफलमा सामूहिक आलु खेती गरेका छन् । हाम्रो कृषक समूह वडा नं ७ र बद्रीवाडी कृषक समूह वडा नं ९ मा सामूहिक आलु खेती गरिरहेका छन् ।

दुईवटै समूहले नगरले आलुको बिउ अनुदानसँगै खेतीका लागि प्रतिबिघा एक हजार ५०० सहयोग प्रदान गरेपछि सामूहिक र प्रांगारिक खेतीमा कृषक जुटेका हुन् । हाम्रो कृषक समूहका अध्यक्ष प्रदीप खनालका अनुसार पाँच बिघा क्षेत्रफलमा करीब तीन टन आलु रोपिएको छ जसमा चार बिघा क्षेत्रफलमा नेपाल सरकारले सिफारिस गरेको कार्डिनल अढाई टन र एक बिघा क्षेत्रफलमा स्थानीय लालगुलाब प्रजातिको आलु रोपिएको छ । कृषक समूहमा रहेकामध्ये १२ जनाले सामूहिक आलु खेती गरेका खनालको भनाइ छ ।

नगरपालिकाले रु दुई लाख २५ हजार आलु खेतीका लागि अनुदान दिएपछि आलु खेती सुरु गरिएको जानकारी दिँदै उनले भने, 'प्रतिकट्ठा १५ मन मात्रै आलु फल्यो भने पनि यो वर्ष हामीले एक हजार ५०० मन आलु उत्पादन गर्छौं ।' यो वर्ष आलु खेतीबाट मात्रै हाम्रो कृषक समूहले रु चार लाख ५० हजार आम्दानी गर्ने अध्यक्ष खनाले बताए ।

उनले भने, 'हाम्रो लक्ष्य उत्पादन गरिएको आलुलाई बिउका रूपमा बिक्री गर्ने हो यसो गर्दा दोब्बर नाफा हुन्छ ।' नगरपालिकाको सहयोगमा अहिले 'एक गाउँ, एक बाली' कार्यक्रमअन्तर्गत दुई समूहले १० बिघा क्षेत्रफलमा आलुसहित पाँच समूहले ९८ बिघा क्षेत्रफलमा सामूहिक तोरी खेती, २० बिघा क्षेत्रफलमा राजमा खेती, एउटा समूहले २२ बिघा क्षेत्रफलमा फापर र दुई समूहले ३० बिघा क्षेत्रफलमा सामूहिक सूर्यमुखी फूलको खेती गरिरहेका कृषि शाखा प्रमुख कडरियाले बताए । बिर्तामोडका अधिकांश कृषकले अहिले प्रांगारिक खेती गरिरहेका नगर प्रमुख ध्रुवकुमार शिवाकोटीले जानकारी दिए । वडा नं ७ निवासी होमनाथ घिमिरे रेखानगर कृषक समूहका अध्यक्ष छन् । उनकै अगुवाइमा अहिले समूहभित्र सामूहिक तोरी खेती सुरु गरिएको छ । समूहमा प्रांगारिक खेती सुरु गरिएसँगै समूहमा आबद्ध सबै कृषकले आ-आफ्नो बारीमा तरकारी खेती गरिरहेका घिमिरेले बताए । वडा नं ९ मा २२ बिघा क्षेत्रफलमा लगाइएको फापर अहिले ढकमक्क फूलेको छ । फुलेको फापरका कारण त्यस ठाउँको वातावरण सुन्दर छ भने बाटो हिँड्ने जो कोही फुलेको फापरमा केही बेर रमाउने गरेका जनसेवा कृषक समूहका अध्यक्ष कर्णबहादुर मगर बताउँछन् । नगरपालिकाले 'एक समूह, एक उत्पादन' कार्यक्रमका लागि यो वर्ष रु १९ लाख कृषकलाई अनुदान रकम प्रदान गरेको र सामूहिक खेतीबाट कृषकले झण्डै रु दुई करोड ५० लाख आम्दानी गर्न सक्ने अपेक्षा गरिएको छ । तोरीबाट मात्रै कृषकले रु एक करोड आम्दानी गर्ने कृषि शाखाप्रमुख कडरियाले बताए ।

# इतिहास बोकेको चिया कारखाना जीर्ण



■ **सौर्य समाचार**

मंगलबारे । इलामको माई नगरपालिकामा रहेको पुरानो चिया कारखाना जीर्ण बन्दै गएको छ । इलामको दक्षिणी क्षेत्र माई नगरपालिकाको सोक्तिम चिया बगानमा रहेको कारखाना जीर्ण बन्दै गएको हो । सोक्तिममा विसं १९२२ मा चिया रोप्न सुरु गरिएको थियो । विसं १९४० मा चिया प्रशोधन उद्योग स्थापना गरेर हरियोपत्ती प्रशोधन सुरु गरिएको सो कारखाना अहिले खण्डहर बनेको छ ।

नेपाली चियाको इतिहाससँग जोडिएको चिया बगान र कारखाना निजीकरण गरिएसँगै खण्डहर बनेको हो । इलामको माई नगरपालिका-९ मा रहेको कारखाना निजीकरणसँगै प्रशोधनको काम अहिले हुन छाडेको छ । तत्कालीन बडाहाकिम गजराजसिंह थापाले विसं १९२२ मा सोक्तिममा चियाखेती सुरु गरेका थिए । इलाम चिया बगानभन्दा दुई वर्षमात्रै पछि खेती गरिएको बगानमा रहेको कारखाना निजीकरणपछि प्रशोधन गर्ने मेसिन अयन्त्रै लगिएसँगै प्रशोधनको काम रोकिएको थियो ।

आधुनिक चिया प्रशोधन गर्ने सदरमुकामको कारखाना देशकै पहिलो कारखाना हो । दोस्रो चिया कारखानाका रूपमा रहेको माई नगरपालिकाको सोक्तिम चिया कारखाना स्याहार नहुँदा जीर्ण बन्दै गएको हो । एक सय ३६ वर्ष पुरानो सोक्तिम बगानका चियाको बुट्टाको गुणस्तरीय मुना दिए पनि कारखाना बन्द गर्दा चियाको इतिहास नै संकटमा परेको माई नगरपालिका वडा न ९ का वडाध्यक्ष लीलाकुमार राईले बताए । उनले पहिला नै सम्झौता गरेर निजी क्षेत्रलाई दिएकाले नगरपालिकाले सञ्चालन गर्न कठिनाइ भएको बताए । इलाम र झापामा रहेका सातवटा सरकारी चिया बगान सरकारले भारतको संघाई ग्रुपलाई भाडामा दिएको छ ।

# नेपाल टेलिकमको विन्टर अफर

■ **सौर्य समाचार**




काठमाडौं । नेपाल टेलिकमले विभिन्न प्याकेजसहितको आकर्षक विन्टर अफर उपलब्ध गराएको छ । उक्त अफर अन्तर्गतको सेवा कम्पनीको वार्षिकोत्सव (२०७६ माघ २२ गते) देखि नै लागू भइसकेको छ र आगामी चैत ३० गतेसम्म उपयोग गर्न सकिने छ । यो भन्दा पहिले उपलब्ध अटम अफर अन्तर्गतका सेवाहरूमा केही थप सुविधा तथा नयाँ प्याकेज समेत उपलब्ध गराएर विन्टर अफर ल्याइएको छ ।जिएसएम प्रिपेडरपोष्टपेड तथा सिडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा यी अफर प्रयोग गर्न सकिन्छ । अल टाइम डाटा प्याकअन्तर्गत १५ रुपैयाँ देखि ७ सय रुपैयाँसम्मका प्याक उपलब्ध छन् । यसअन्तर्गत ६० एमबीदेखि १४ हजार एमबी सम्मका प्याकेज खरिद गर्न सकिने छ । यी प्याकेज प्रयोग गर्न सकिने समयावधि पनि १ दिन देखि २८ दिनसम्म हुनेछ ।

बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म प्रयोग गर्न सकिने डे डाटा प्याक अन्तर्गत अब १५ रुपैयाँमा २ सय एमबी डाटा प्रयोग गर्न सकिनेछ । साथै १० रुपैयाँमा ८० एमबी डाटासमेत प्रयोग गर्न सकिने छ । यी दुबै डाटा प्याक खरिद गरेको २४ घण्टाभित्र चलाउन सकिने छ । बेलुकी ११ बजेदेखि विहान ६ बजेसम्म चलाउन सकिने नाइट डाटा प्याक १२ रुपैयाँमा ४ सय एमबी खरिद गर्न सकिने छ । अनलिमिटेड नाइट डाटा प्याक अन्तर्गत १ रातको १८ रुपैयाँ र ७ रातको ९० रुपैयाँमा प्याक उपलब्ध गराइएको छ । सोसियल मिडिया प्याकअन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र ट्विटर चलाउन सकिनेछ । यस अन्तर्गत १० रुपैयाँमा ७० एमबी डाटा १ दिन, ३५ रुपैयाँमा २ सय ५० एमबी डाटा ३ दिन र ६५ रुपैयाँमा ६ सय एमबी डाटा ७ दिनका लागि उपलब्ध हुनेछ । यी प्याक जुनसुकै समयमा पनि चलाउन सकिने छ । युट्युब चलाउन १ दिन, ३ दिन र ७ दिन समयावधिका लागि प्याक लिन सकिन्छ । यी प्याक क्रमशः १५ रुपैयाँ, ३० रुपैयाँ र ६० रुपैयाँमा खरिद गर्न सकिन्छ । यसका लागि डाटा भोल्युम क्रमशः ३ सय, ६ सय ५० र १ हजार ४ सय एमबी प्राप्त हुन्छ ।

डे टाइम भ्वाइस प्याकअन्तर्गत अब १५ रुपैयाँमा बिहान ५ देखि बेलुकी ५ बजेसम्म कल गर्न सकिने छ । त्यसैगरी, १० रुपैयाँमा १ सय मिनेटको भ्वाइस प्याक प्रयोग गर्न सकिन्छ । यी प्याक २४ घण्टाभित्र उपयोग गर्न सकिने छ । जिएसएम पोस्टपेडका लागि विभिन्न प्रकारको प्याक उपलब्ध भइरहेकोमा अब ३ सय रुपैयाँको नयाँ प्याकसमेत थप गरिएको छ । यस अन्तर्गत ६ सय २० मिनेट भ्वाइस वा ३ हजार एमबी डाटा लिन सकिन्छ । सो प्याक ३० दिनभित्र प्रयोग गर्न सकिन्छ । नयाँ प्याकका रूपमा कम्पनीले बिग डाटा प्याकसमेत उपलब्ध गराएको छ । यसअन्तर्गत १ हजार ६ सय रुपैयाँमा ९० दिनका लागि ३० जिबी र ३ हजार रुपैयाँमा १ सय ८० दिनका लागि ६० जिबी डाटा खरिद गर्न सकिन्छ । कम्पनीले अटम अफरको रूपमा उपलब्ध गराइरहेका अन्य अफरहरू भने विन्टर अफरमा पनि यथावत् रहेका छन् । पहिलोपटक नेपाल टेलिकम एप डाउनलोड गर्ने ग्राहकलाई एक सय एमबी डाटा भोल्युम बोनसको रूपमा समेत उपलब्ध छ ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि *1415# मा डायल गर्न सकिन्छ । कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यससम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी, कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यससम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ ।

**Bansgadhi Municipality**
**Office of Municipal Executive Bansgadhi, Bardiya**
**Province No.: 5**

**Invitation For Bids**

**Date Of Publication: 2076/10/27 (2020/02/10)**

Bansgadhi Municipality, Office of Municipal Executive, Bansgadhi, Bardiya invites electronic bids from eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Security Amount (NRs) | Bid Validity Period | Esimated Amount Without VAT (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BM/NCB/ 2076/077-18 | Construction Of Building at Laxmana Krishi Haat Bazaar | 125,000.00 | 90 days | 4,085,789.70 | 3000.00 | Sealed Bid |
| 2 | BM/NCB/ 2076/077-19 | Infrastructure Development at Om Kedareshwor Dham | 125,000.00 | 90 days | 4,292,575.77 | 3000.00 | Sealed Bid |
| 3 | BM/NCB/2076/077-20 | Construction Of Building at Bansgadhi Multiple Campus | 200,000.00 | 90 days | 6,365,712.14 | 3000.00 | Sealed Bid |
| 4 | BM/NCB/2076/077-21 | Construction Of Building at Janapriya School, Damauli. | 350,000.00 | 90 days | 11,253,322.29 | 3000.00 | Sealed Bid |
| 5 | BM/NCB/2076/077-22 | Construction Of School Building at Shree Janata Maa.Vi., Bathuwa. | 375,000.00 | 90 days | 12,405,872.63 | 3000.00 | Sealed Bid |
| 6 | BM/NCB/2076/077-23 | Construction Of Bansgadhi Municipality Office Building (Phase-II) | 450,000.00 | 90 days | 15,697,212.45 | 3000.00 | Sealed Bid |

Further Information to bidders;

| | For Sealed Bid |
|---|---|
| Last date and time of Purchase of Bid Document | 2076/11/28 (2020/03/11); 5:00PM |
| Last date and time of Bid Submission | 2076/11/29 (2020/03/12); upto 12:00 Noon |
| Date, Time and Place of Bid Opening | 2076/11/29 (2020/03/12); at 1:00 PM, At Bansgadhi Municipality Office, Bansgadhi, Bardiya |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | NIC ASIA Bank, Bansgadhi Branch, A/c No.: 97CA499426524004 (mention purpose of deposit stating contract No. clearly) |
| Account No. for Bid Security Deposit | NIC ASIA Bank, Bansgadhi Branch, A/c No.: 97CA499426524003 or Bank Guarantee issued by A class commercial Bank in the name of Bansgadhi Municipality, Office of Municipal Executive, Bansgadhi, Bardiya. (mention purpose of deposit stating Contract Identification No. clearly) |

1. Bidderds shall submit their Bids electronically only no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal **http://bolpatra.gov.np/egp** and for other additional information please contact Bansgadhi Municipality Office, Bansdagadhi, Bardiya; Contact No: 084-400190.
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
3. Other mandatory informtion as per PPA and PPR.

**Chief Administrative Officer**

www.souryadaily.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद



*मिलेमतो गरेको आरोप प्रमाणित भएपछि पाकिस्तान अन्तर्राष्ट्रिय ब्याट्सम्यान नासिर जमशेदलाई १७ महिनाको जेल सजाय सुनाइएको छ*

*नेपाल पुलिस क्लबमा आबद्ध राष्ट्रिय भलिबल खेलाडी कोपिला उप्रेती अन्तर्राष्ट्रिय भलिबल करियरबाट सन्यास लिएकी छिन्*



# ओमानसँग नेपाल पुनः पराजित




■ **सौर्य समाचार**

काठमाडौं । अकीब इलियासको शतकीय अलराउन्ड प्रर्दशनमा आइसिसी विश्वकप लिग २ त्रिकोणात्मक सिरिजअन्तर्गत तेस्रो खेलमा नेपाल ओमानसँग ८ विकेटले पराजित भएको छ । नेपालले प्रस्तुत गरेको २ सय ५० रनको लक्ष्य ओमानले ४७ दशमलव२ ओभरमा २ विकेट गुमाउँदै पूरा गर्‍यो ।

बलियो योगफल बनाएपनि नेपालको बलिङ नचल्दा पराजित हुन पुगेको हो । नेपाल पहिलो खेलमा पनि ओमानसँग १८ रनले पराजित भएको थियो । यो जितसँगै ओमान ९ खेलमा ७ मा जित र २ मा हार सहित १४ अंक जोड्दै शीर्ष स्थानमा उक्लिएको छ । ओमानको जितमा अकीब इलियास १ सय ८ बलमा १२ चौका र १ छक्का सहित १ सय ९ रनमा अविजित रहे ।

१ सय २ बलमा अकीबले आफ्नो ओडीआई करिअरको पहिलो शतक पूरा गरेका थिए । त्यसअघि करणको २५ औं ओभरको पाँचौं बलमा प्वाइन्टमा आरिफ शेखले ३७ रनमा क्याच छोड्दै अकीबलाई जीवनदान दिएका थिए । जुन जीवनदान नेपाललाई घातक बन्यो । कप्तान जिशान मकसुद ७९ बलमा ८ चौका सहित ६८ रनमा अविजित रहँदै जित पक्का गरे ।

तेस्रो विकेटका लागि अकीब इलियास र कप्तान जिशान मकसुदले १ सय ६७ रनको अविजित शतकीय साझेदारी गरेपछि नेपालले लज्जास्पद हार बेहोरेको हो । नेपाललाई पहिलो सफलता कुशल मल्लले १२ औं ओभरको दोस्रो बलमा ओपनर जतिन्दर सिंहलाई २३ रनमा बोल्ड आउट गर्दै दिलाएका थिए । जतिन्दरले ४१ बलमा ३ चौका प्रहार गरे ।

पहिलो विकेटका लागि जतिन्दरले ११ दशमलव २ ओभरमा खावर अलीसँग ४९ रनको साझेदारी गर्दै ओमानलाई राम्रो सुरुवात दिलाए । सुशन भारी १९ औं ओभरको पाँचौं बलमा खावर अलीलाई ४१ रनमा बोल्ड आउट गरेका थिए । अलीले ५६ बलमा ६ चौका प्रहार गरे । नेपालले ७ बलर प्रयोग गरेपनि कुशल मल्ल र सुशन भारीले मात्र १/१ विकेट लिए ।

त्यसअघि आइतबार बिहान टियु मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय ४९ रन बनाएको थियो । जुन नेपालले ओडीआईमा विपक्षलाई दिएको सर्वाधिक ठूलो लक्ष्य हो । नेपालले गतवर्ष यूएईलाई दोस्रो खेलमा २ सय ४३ रनको लक्ष्य दिएको थियो । नेपालले ओडीआई बनाएको यो दोस्रो उच्च योगफल हो । यसअघि यूएईविरुद्ध तेस्रो खेलमा नेपालले २ सय ५५ रनको लक्ष्य पूरा गर्दै ऐतिहासिक ओडीआई सिरिज जितेको थियो ।

कप्तान ज्ञानेन्द्र मल्लले ५६ रनको अर्ध शतकीय इनिङ खेले । २९ औं ओभरको पहिलो बलमा पार्टटाइम बलर अकीब इलियासले मोहम्मद नदीमबाट क्याच गराउनु अघि ज्ञानेन्द्रले ७६ बलमा ६ चौका र १ छक्का प्रहार गरे । ज्ञानेन्द्रले ७० बलमा आफ्नो ओडीआई करिअरको दोस्रो अर्ध शतक पूरा गर्ने क्रममा २५ औं ओभरको चौथो बलमा मोहम्मद नदीमलाई चौका प्रहार गरेका थिए ।

दोस्रो विकेटका लागि पारस र ज्ञानेन्द्रले ५९ रनको महत्वूर्ण साझेदारी गर्दै इनिङ उकासेका थिए । नदीमको २४ औं ओभरको पहिलो बलमा सट खेल्नेक्रममा पारस मिडअफमा सन्दीप गौडबाट ३८ रनमा क्याच आउट भए । पारसले ३४ बलमा ६ चौका र १ छक्का प्रहार गरे । पारस आउट भएको दुई बल पछि दीपेन्द्र सिंह ऐरी खराब सट खेल्दै विलाल खानबाट शून्यमा क्याच आउट हुन पुगेका थिए ।

दीपेन्द्र अमेरिकासँगको खेलमा पनि शून्यमा आउट हुन पुगे । पहिलो विकेटका लागि ओपनर सुवास खकुरेल र ज्ञानेन्द्र मल्लले पहिलो विकेटका लागि १४ दशमलव १ ओभरमा ४८ रनको साझेदारी गरेका थिए । १५ औं ओभरको पहिलो बलमा अलराउन्डर मोहम्मद नदीमले सुवासलाई २२ रनमा एलबिडब्लू आउट गर्दै साझेदारी तोडेका थिए । सुवासले ४२ बलमा १ चौका प्रहार गरे ।

कुशल मल्लले २४ बलमा २ चौका र २ छक्का सहित २८ रनको आक्रामक इनिङ खेले । कुशललाई अकीबले ३५ औं ओभरको दोस्रो बलमा स्लिपमा खावर अलीबाट क्याच गराएका थिए । कुशलले ३२ औं ओभरको पाँचौ र छैटौं बलमा मोहम्मद सनुथलाई लगातार छक्का प्रहार गरेका थिए । छैटौं विकेट लागि आरिफ शेख र विनोद भण्डारीले ३२ रनको साझेदारी गर्दै नेपाललाई बलियो योगफलसम्म पुर्‍याए ।

अकीबले ४३ औं ओभरको पहिलो बलमा एलबिडब्लू आउट गर्नुअघि आरिफ शेखले ४५ बलमा १ चौका सहित २८ रन जोडे । तल्लोक्रममा विनोद भण्डारीले ४७ बलमा ५ चौका सहित ३५ रनमा रन आउट हुन पुग्गे । करण केसी १० रनमा क्याच आउट भए । सन्दीप लामिछानेले १० र कमल सिंह ऐरीले ९ रनमा अविजित रहे । ओमानका अलराउन्डर अकीब इलियासले १० ओभरमा ३६ रन खर्चेर ४ विकेट लिए । मध्य गतिका बलर मोहम्मद नदीमले ८ ओभरमा १ मेडन सहित ४४ रन खर्चेर ३ विकेट लिए ।

'ए' डिभिजन लिग

# मनाङ पुनः तेस्रो स्थानमा



■ **सौर्य समाचार**

काठमाडौं । न्यू रोड टिम (एनआरटी) लाई आइतबार ४-१ ले हराउँदै नेपाल आयल निगम मनाङ मर्स्याङ्दी क्लब कतार एयरवेज सहिद स्मारक ए डिभिजन लिगको अंक तालिकामा पुनः तेस्रो स्थानमा उक्लेको छ ।

जितपछि मनाङ २२ अंकसहित तेस्रो स्थानमा उक्लेको छ । शीर्षस्थानको त्रिभुवन आर्मी क्लबको २६ र सानमिगेल मच्छिन्द्र क्लबको २५ अंक छ । चौथो स्थानमा झरेको रुस्लान थ्री स्टार क्लबको २० अंक छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा मनाङलाई दिलाउन अन्जन विष्टले २ तथा विमल राना र दयानन्द सिंहले समान १ गोल गरे ।

विमलले ३५औं मिनेटमा गोल गर्दै मनाङलाई अग्रता दिलाएका थिए । कप्तान कमल श्रेष्ठको क्रस पासमा विमलले हेडमार्फत गोल गरेका थिए । ४३ औं मिनेटमा अन्जनले पेनाल्टीमा गोल गर्दै मनाङको अग्रता दोब्बर पारे । पेनाल्टी बक्समा अन्जनलाई एन्ड्री थिएरी बियकले फाउल गरेपछि मनाङले पेनाल्टीको मौका थियो ।

६५औं मिनेटमा लुईस भिडालको पासमा अन्जनले अर्को गोल गरेपछि मनाङलाई खेलमा ३-० ले अघि बढ्यो । ८९औं मिनेटमा सकल रेग्मीले गोल गर्दै खेललाई ३-१ को अवस्थामा ल्याए । इन्ज्युरी समयको थप गरिएको पाँचौ मिनेटमा दायानन्द सिंहले गोल गर्दै मनाङलाई ४-१ को जित दिलाए । फेमी जोसको पासमा लुइस भिडालले दिएको पासमा दयानन्द सिंहले गोल गर्न सफल भएका थिए ।

त्यसअघि मनाङले गोल गर्ने अवसर गुमाएको थियो । १८औं मिनेटमा अन्जन विष्टको क्रस मा विमलको हेडर एनआरटीका गोलरक्षक अजित प्रजापतिले रोके । २७ औं मिनेटमा कमल को कर्नरमा विमलको हेडर क्रसबारबाट थोरै बाहिरियो । ३२ औं मिनेटमा लुइस भिडालको पासमा अन्जनले वान भर्सेस वानमा गोल गर्न नसक्दा मनाङ अग्रता लिनबाट चुक्यो । उनको प्रहार पोस्टबाट थोरै बाहिरिएको थियो ।

४३ औं मिनेटमा अन्जनले पेनाल्टीमा गोल गर्दै मनाङको अग्रता दोब्बर पारे । पेनाल्टी बक्समा अन्जनलाई एन्ड्री थिएरी बियकले फाउल गरेपछि मनाङले पेनाल्टीको मौका थियो । ५१औं मिनेटमा लसइस भिडालको क्रसमा विमल रानाको हेडर क्रसबारमा लागेर फर्कियो ।

५३औं मिनेटमा कमलको फ्रिकिकमा अन्जनले हेडमार्फत उत्कृष्ट गोल गरेपनि अफसाइड ठहरिए । मनाङ र एनआरटीबीच शनिबार लागि तय खेल प्राविधिक कारण देखाउँदै अखिल नेपाल फुटबल संघ (एन्फा) स्थगित गरेको थियो । त्यो खेल हलचोकस्थित एपिएफको मैदानमा तय थियो ।

# सागमा स्वर्ण जित्ने फुटबलरलाई जनही साढे ५ लाख

■ **सौर्य समाचार**

काठमाडौं । १३ औं दक्षिण एसियाली खेलकुद (साग) को स्वर्ण पदक जित्ने यू २३ फुटबल टोलीलाई अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनही ५ लाख ५० हजार रुपैयाँ दिने निर्णय गरेको छ ।

नौ महिनापछि आइतबार बसेको एन्फाको बैठकले सागको रजत पदक विजेता महिला टोलीका सदस्यलाई भने जनही १ लाख ५० हजार रुपैयाँ दिने निर्णय गरेको छ ।

मंसिर १५ देखि २४ गते सम्म आयोजना




भएको १३ औं सागमा भुटानलाई हराउँदै नेपालले स्वर्ण पदक जितेको थियो । महिलातर्फ भने नेपाली टोली भारतसँग पराजित भएको थियो । सरकारले भने स्वर्ण पदक जित्ने फुटबल टोलीका सदस्यलाई जनही ५ लाख रुपैयाँ दिने यसअघि नै घोषणा गरिसकेको छ ।

एन्फाले सहिद स्मारक बी र सी डिभजिन लिगको लागि तयारी र पुरस्कार राशिको पनि तय गरेको छ । बी डिभिजन टोलीलाई लिगको तयारीका लागि हरेक क्लबलाई १० लाख रुपैयाँ दिने निर्णय गरेको एन्फाले विजेतालाई १५ लाख दोस्रोलाई ८, तेस्रोलाई ५ र चौथोलाई ३ लाख रुपैयाँ दिने निर्णय गरेको छ ।

# एपीएफलाई पछ्याउदै पुलिस




■ **सौर्य समाचार**

काठमाडौं । साविक विजेता तथा विभागीय टोली नेपाल एपीएफ क्लबले १५ औं संस्करणको ढोरपाटन डबल लिग महिला भलिबल प्रतियोगितामा अपराजित यात्रा कायम राखेको छ ।

नयाँ बसपार्कस्थित ढोरपाटन स्पोर्ट्स क्लबको खेल मैदानमा आइतबार दोस्रो चरणको दोस्रो खेलमा बुलबुले रारा क्लबलाई ३-० को सेटमा पराजित गर्दै एपीएफले अपराजित यात्रा कायम राखेको हो । एपीएफले बुलबुलेमाथि २५-१५,२५-१२ र २५-१६ को सेटमा पराजित गर्‍यो। जितसँगै शीर्ष स्थानको एपीएफले ११ खेलबाट ३२ अंक जोडेको छ । बुलबुले १४ अंकसहित छैटौं स्थानमा रहेको छ ।

अर्को खेलमा विभागीय टिम नेपाल पुलिस क्लबले बुलबुले क्लबलाई नै हराएर एपीएफमाथि दबाब कायम राखेको छ । पुलिसले बुलबुलेमाथि २५-१५,२५-१६ र २५-१९ को सेटमा पराजित गर्‍यो । बुलबुलेलाई हराएसँगै पुलिसले ११ खेलमा ३१ अंक जोडेको छ । र, पुलिस दोस्रो स्थानमा रहेको छ । पुलिस एपीएफभन्दा एक अंकले मात्र पछि रहेको छ ।

यस्तै त्रिभुवन आर्मी क्लबले चितवन टाइग्रेसलाई ३-१ को सेटमा पराजित गरेको छ । आर्मीले चितवनमाथि २५-२१,२७-२५,२५-२७ र २५-१६ को सेटमा पराजित गर्यो । जितसँगै आर्मी ११ खेलमा २४ अंक जोडेर तेस्रो स्थानमा छ ।

यस्तै चितवनले दोस्रो खेलमा न्यु डायमन्ड स्पोर्ट्स क्लबलाई ३-२ को सेटमा पराजित गरेको छ । चितवनले न्यु डायमन्डलाई २५-२७, २६-२४, २५-१४, १७-२५ र १५-७ को सेटमा पराजित गर्‍यो ।

जितसँगै चितवनले १३ खेलमा १८ अंक जोडेको छ । चितवन पाँचौं स्थानमा रहेको छ । न्यु डायमन्डको १९ अंक रहेको छ । न्यु डायमन्ड चौथो स्थानमा रहेको छ ।

आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारप्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# लिबर्टी र नेपालय सेमिफाइनलमा



■ **सौर्य समाचार**

काठमाडौं । आयोजक लिबर्टी र नेपालयले दोस्रो संस्करणको लिबर्टी कप सेभेन 'ए' साइड फुटबलको छात्रातर्फ सेमिफाइनलमा प्रवेश गरेका छन् ।

गोकर्णेश्वरस्थित अत्तरखेल मैदानमा आइतबार वर्ल्ड युथलाई ४-० गोल अन्तरले पराजित गर्दै लिबर्टी अन्तिम चारमा पुगेको हो ।

यस्तै नेपालयले अरुणोदयलाई ३-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा पुगेको छ। अब नेपालयले फाइनल प्रवेशका लागि लिबर्टीसँग खेल्नेछ ।छात्रातर्फ नै गोकर्ण लाइटले विद्यासागरलाई १-० गोल अन्तरले पराजित गर्दा जीवन ताराले मनकामनालाई टाइब्रेकरमा २-१ गोल अन्तरले पराजित गरेको छ ।छात्रतर्फ वर्ल्ड युथलाई टाइब्रेकरमा ३-० गोल अन्तरले पराजित गर्दै भेनस पब्लिक स्कुल क्वाटरफाइनलमा पुगेको छ ।

छात्रतर्फ नै नेपालयले हिमरश्मीलाई २-० गोल अन्तरले पराजित गर्दा सहयोगीले स्वेत बाराहीलाई ३-० गोल अन्तरले पराजित गरेको छ । यस्तै तिरुपतिले त्रिकोणलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले हराउँदा आयोजक लिबर्टीले विधा सागरलाई २-१ ले हराएको छ ।

प्रतियोगितामा ३५ वटा निजि तथा सामुदायिक विद्यालयले प्रतिपर्धा गरिरहेका छन् । प्रतियोगिताको विजेताले २० हजार, दोस्रोले १० र तेस्रोले ५ हजार पाउने छन् । प्रतियोगिताको उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर र सर्वाधिक गोलकर्तालाई ट्रफी प्रदान गरिने छ ।